# रातो खबर साप्ताहिक

Ratokhabar weekly



रातो खबर अब YouTube मा पनि



भिडियो सामग्रीहरु हेर्न

www.eratokhabar.com पेजमा गई हेर्न सकिनेछ।



वर्ष ४, अङ्क ११, पूर्णाङ्क १५७ | २०७५ भदौ ६ गते बुधबार | Wednesday, 22 Aug 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## रातो खबरद्वारा युट्युब च्यानल सुरु

**अब एकैसाथ ६ सञ्चारमाध्यम**

■ **रातो खबर संवाददाता**/काठमाडौं

रातो खबर प्रकाशनगृह प्रालिले आफ्नो आधिकारिक विद्युतीय प्रसारण सेवा युट्युब च्यानल सञ्चालनमा ल्याएको छ। उक्त प्रकाशन गृहअन्तर्गत हाल रातो खबर साप्ताहिक पत्रिका, ईरातो खबर अनलाइन, दृष्टिकोण मासिक, अङ्ग्रेजी प्रकाशन द इकोनोमिक र वेबसाइड पनि सञ्चालनमा छन्।

रातो खबरको आधिकारिक युट्युब च्यानल ईरातो खबर टीभी शुक्रबारदेखि सञ्चालनमा आएको हो । उक्त युट्युब च्यानल राष्ट्रिय स्वाधीनता, जनजीविकाका पक्षमा आवाज बुलन्द गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएको रातो खबर प्रकाशनगृहका प्रबन्धनिर्देशक भीम चापागाईंले बताए। चापागाईंले युट्युब च्यानलमार्फत सूचना, शिक्षा र विचारमूलक सामग्रीहरू प्रसारणमा प्राथमिकता दिने पनि बताए । उनका अनुसार युट्युब च्यानलमा प्रसारण हुने सामग्रीहरू राष्ट्रिय स्वाधीनता, जनजीविकाका सवालहरू र विचार मूलक सन्देश प्रवाह गर्ने खालका हुनेछन् । चार वर्षअघि रातो खबर साप्ताहिकको प्रकाशन आरम्भ गरेको यस प्रकाशनगृहले अबदेखि नियमित रूपमा युट्युब च्यानल सञ्चालन गर्ने प्रकाशनगृहका निर्देशक गुणराज लोहनीले बताएका छन्।

### भारतमा बिमिस्टेकको संयुक्त सैन्य अभ्यास

# तनावपूर्ण दक्षिणएसिया

■ **रातो खबर संवाददाता**/काठमाडौं

गतसाता अमेरिकाले आफ्नो छैटौं सेना गठन गरेको कुरा सार्वजनिक गरेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पेन्टागनमा गएर त्यहाँका अफिसर्सलाई अन्तरिक्ष बल तयार पार्नका लागि निर्देशन नै गरेका थिए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तरिक्षमा अमेरिकालाई सुरक्षित राख्नका लागि भन्दै अन्तरिक्ष बल स्पेस फोर्स बनाउने घोषणा गत सोमबार गरेका थिए । गत सोमबार अमेरिकी सेनाको छैटौं शाखाका रूपमा अन्तरिक्षमा शक्ति सिर्जना गर्नका लागि डोनाल्ड ट्रम्पले हस्ताक्षर गरेको बताइएको छ। अमेरिकी सेनाका संयुक्त चिफ स्टाफका अध्यक्ष मारिन जेन.जोसेफ डमफर्डले ‘अन्तरिक्षमा युद्ध तयारी गर्ने र अन्तरिक्षमा रहेका अमेरिकी उपग्रहहरूलाई हानि हुनबाट बचाउने’ उद्देश्य रहेको बताएका छन् । डोनाल्ड ट्रम्पले पेन्टागनका सैन्य अधिकृतहरूलाई सङ्क्षिप्त निर्देशन दिँदै ‘हामीसँग हवाई सेना छ । हामी अलग्गै तर समान अन्तरिक्ष शक्ति निर्माण गर्न चाहन्छौं’ भनेका थिए।



फोटो : बिबिसीबाट

केही समयअघि मात्र ट्रम्पले ‘चीनले अमेरिकाविरुद्ध युद्धको तयारी गरिरहेको’ भनी सार्वजनिक रूपमा नै बोलेका थिए। सिङ्गापुरमा ट्रम्प र जनवादी गणतन्त्र कोरियाका राष्ट्रपति किम जोङ उनका बीचमा भएको शिखर वार्तामा भएका सहमति कार्यान्वयन हुनुको साटो उल्लङ्घन हुँदै गएको आरोप अमेरिकाले लगाइराखेको छ । उसको आरोप छ, ‘उत्तरकोरियाले भित्रभित्रै आणविक भट्टीहरू सञ्चालन गरिराखेको छ।’

यसरी एसियाली क्षेत्रमा अमेरिकी हैकम कम हुँदै र पूर्वी र दक्षिणएसियामा *उसको*


... *बाँकी पृष्ठ ७ मा*


# देशव्यापी अभियानमा होमियो नेकपा

■ **अम्बिका चन्द**/काठमाडौं

चारमहिने एकीकृत जनजागरण अभियान सञ्चालन गरेको नेपाल कम्युनिस्ट पार्टीले फेरि पनि देशव्यापी ‘सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान’ सञ्चालन गरेको छ । नेकपाको हालै सम्पन्न केन्द्रीय समितिको बैठकको निर्णयअनुसार भदौ १ गते शुक्रबार यो अभियानको उद्घाटन गरिएको छ। नेकपाका एक केन्द्रीय नेताका अनुसार आगामी चार महिनासम्म देशव्यापी सञ्चालन हुने उक्त अभियान जनजीविका, राष्ट्रियता र जनाधार निर्माणका विषयमा केन्द्रित हुनेछ । इतिहासमा राष्ट्रियता सर्वाधिक कमजोर बनेको निष्कर्षसहित जनतालाई जागरुक बनाउन जनजीविका र राष्ट्रियताको मुद्दा आमजनतामा लैजाने उक्त अभियानको उद्देश्य रहनेछ । अभियान अवधिमा पार्टीको आन्तरिक पङ्क्तिलाई सुदृढ गर्नका लागि सङ्गठन निर्माण तथा विस्तार गरिनेछ। अभियानमा नेकपाका सबै तहका नेता-कार्यकर्ता जनतासँग गएर जनसेवाका काम पनि गर्नेछन्। यस्तै उनीहरूले आफ्नो पार्टीको कार्यनीतिक कार्यक्रम एकीकृत जनक्रान्ति र रणनीतिक कार्यक्रम वैज्ञानिक समाजवादका बारेमा पार्टीपङ्क्तिलाई प्रशिक्षित गर्नेछन् भने जनतालाई पनि आफ्नो कार्यक्रमबारे बुझाउन कोसिस गर्नेछन् । नेकपाका नेताहरू भन्छन्, ‘जनताका जनजीविकाका सवालहरूका बारेमा छलफल र बहस गर्न, पार्टीको जनाधार निर्माण गर्न र राष्ट्रियताप्रति जनतालाई जागरुक बनाउन विचारधारात्मक र राजनीतिक रूपले नेता, कार्यकर्ता र जनतालाई जोड्न, सङ्घर्षलाई नयाँ उचाइमा पुर्‍याउन र वैज्ञानिक समाजवादी अर्थतन्त्रको विकास गर्न नेकपाले सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सञ्चालन गर्ने निर्णय गरेको हो।’

उक्त अभियानका


*बाँकी पृष्ठ ४ मा*





# प्रकाण्डको गिरफ्तारी गैरकानुनी

■ **रातो खबर संवाददाता**/काठमाडौं



नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता प्रकाण्डलाई गैरकानुनी र गैरन्यायिक तरिकाले थुनामा राखिएको भन्दै सर्वोच्च अदालतमा दोस्रोपटक बन्दी प्रत्यक्षीकरण रिट दायर भएको छ । प्रकाण्डका भाइ वीरेन्द्र विकले भदौ ३ गते आइतबार सर्वोच्च अदालतमा रिट दायर गरेका हुन् । रिटमा नेपाल सरकार, गृह मन्त्रालयलाई विपक्षी बनाइएको छ । यसअघि साउन २७ गते पनि सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको रिट दायर भएको थियो। गैरकानुनी रूपमा पक्राउ गरी प्रहरी हिरासतमा राखेको भन्दै प्रकाण्डका छोरा नरेन्द्र विकले सर्वोच्चमा रिट दायर गरेका थिए। उक्त रिटउपर सुनुवाइ गर्दै शुक्रबार सर्वोच्चले रिहाइको आदेश दिएको थियो । तर प्रकाण्डलाई सोही बेलुका अबेर सर्वोच्च अदालत परिसरबाटै प्रहरीले बाटो छेकेर गिरफ्तार गरेको थियो । राष्ट्रिय मानवअधिकार आयोगको गाडीमा बसेका प्रकाण्डलाई गाडीबाटै गिरफ्तार गरी राती नै काभ्रेको धुलिखेल लगिएको थियो।

यस्तै नेकपाका केन्द्रीय सदस्य आजाद केसीलाई प्रहरीले पुनः गिरफ्तार गरेको छ । आइतबार साँझ गिरफ्तार गरिएका उनलाई भक्तपुरको जगातीमा रहेको प्रहरी कार्यालयमा राखिएको छ । केही दिन पहिले भक्तपुरको कमलविनायकबाट पक्राउ परेका केसीलाई भक्तपुर जिल्ला अदालतले भदौ ३ गते आइतबार रिहा गरेको थियो । अदालतले रिहा गरेलगत्तै प्रहरीले केसीलाई पुनः पक्राउ गरेको केसीको पारिवारिक स्रोतले जनाएको छ।

# मुलुकी ऐन प्रेसविरुद्ध : पाठक




■ **रातो खबर संवाददाता**/काठमाडौं

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकले लोकतन्त्रमा नागरिकले बोल्ने र सरकारले सुन्ने भए पनि मुलुकी ऐन त्यसका विरुद्ध आएको बताएका छन् । उनले संविधानमा स्वास्थ्य, शिक्षा, रोजगारसहित आधारभूत कुरा मौलिक लेखिएको संविधान जारी भइसकेकाले मुलुकी ऐन आवश्यक नभएको बताए।

क्रान्तिकारी पत्रकार सङ्गठन नेपाल, काठमाडौंले मङ्गलबार संवादडबलीमा आयोजना गरेको अन्तरक्रियामा पाठकले


*बाँकी पृष्ठ ३ मा*


# वैज्ञानिक समाजवादको अनिवार्यता

**देश/परिवेश**

■ विप्लव



▶▶ **गताङ्कबाट क्रमशः** ...

**२. वैज्ञानिक समाजवादको सामूहिक अर्थ–राजनीतिक सम्बन्ध**

पुँजीवाद जाने र वैज्ञानिक समाजवाद आउने दोस्रो आत्मगत कारण वैज्ञानिक समाजवादको सामूहिक अर्थ-सम्बन्ध हो । माथि पनि चर्चा गरियो, विज्ञानको नियमअनुसार हरेक उत्पादन-सम्बन्ध आफ्नो समयको प्रगतिशील र अग्रगामी भएर मात्र अस्तित्वमा आउँछ, त्यसैगरी जब त्योभन्दा नयाँ, वैज्ञानिक र अग्रगामी अर्थ-सम्बन्धको विकास हुन पुग्छ, तब नयाँका लागि पुरानो हुन पुगेको अर्थ-सम्बन्ध र स्वामित्वले नयाँका लागि ठाउँ छोडिदिनुपर्छ । सामन्तवादले दासयुगलाई कसरी समाप्त पार्‍यो र सामन्तवादी अर्थ-राजनीतिक सम्बन्धलाई पुँजीवादी उत्पादक शक्ति र उत्पादन-सम्बन्धले कसरी समाप्त पार्‍यो भन्ने सन्दर्भमा मार्क्स-एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रमा लेख्नुहुन्छ, “पहिलेको सामन्ती अथवा शिल्पशालाको उत्पादन-प्रणालीद्वारा अब नयाँ बजारहरूका साथसाथै बढ्दै गइरहेको माग पूरा गर्न सिकिँदैनथ्यो । यसको स्थान कारखानाले लियो । शिल्पशालाका कालीगढहरूलाई औद्योगिक मध्यमवर्गले ठेल्दै लग्यो । ... तर बजारहरू बढ्दै गए, माग पनि बढ्दै गयो । कारखानाले समेत त्यसको पूर्ति गर्न नसक्ने भयो । अनि बाफ र यन्त्रले औद्योगिक उत्पादनमा क्रान्ति गरिदिए । कारखानाको ठाउँ आधुनिक बृहत् उद्योगले लियो । औद्योगिक मध्यमवर्गको ठाउँ औद्योगिक करोडपतिहरूले, सम्पूर्ण औद्योगिक सैन्यका नाइकेहरूले अर्थात् आधुनिक बुर्जुवाहरूले लिए। ”

(मार्क्स-एङ्गेल्स, सङ्कलित रचना खण्ड १, कम्युनिस्ट घोषणापत्र, पृ. ४९)।

त्यसैगरी पुँजीपतिवर्गलाई सर्वहारावर्गले कसरी समाप्त परिदिनेछ भन्ने सन्दर्भमा मार्क्स भन्नुहुन्छ, “जुन हतियारद्वारा बुर्जुवावर्गले सामन्तवादलाई ढालेको थियो त्यो अहिले स्वयम् बुर्जुवावर्गको विरुद्ध मोडिएको छ। किन्तु बुर्जुवावर्गले त्यस्तो साधनको मात्रै निर्माण गरेको होइन जसले उसको अन्त्य गर्नेछ । उसले त्यस्ता मानिसहरू पनि उत्पन्न गरेको छ जसले उसका विरुद्ध यस हतियारको प्रयोग गर्नेछन् । ती हुन्- आजका मजदुरहरू, सर्वहाराहरू। ”


*क्रमशः पृष्ठ ३ मा*

## सम्पादकीय

# 'सङ्घीयता' प्रति वितृष्णा

दस वर्षसम्म सञ्चालित जनयुद्ध र १९ दिने जनआन्दोलनको उच्च उपलब्धि गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षता हो भनिएको छ। देशमा यी सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षताको स्थापना भएपछि नेपालका पुराना अन्तरविरोधहरू पार्टीहरूले २०७३ साल असोज ३ गतेका दिन 'समाजवाद उन्मुख' संविधान घोषणा गरेका थिए । त्यो संविधान घोषणा हुँदै गर्दा चौतर्फी विरोध भैराखेको थियो। आन्दोलनको ज्वारभाटा नै उठेको थियो। विरोध र आन्दोलन हुँदाहुँदै संसदीय प्रक्रिया पनि पूरा नगरी हतारहतार संविधान पारित गरेका थिए। त्यसको लगत्तै जस्तो लगभग एक वर्ष लगाएर संविधानबमोजिम तीनवटै तहको चुनाव सकेका थिए । अहिले त्यही चुनावले दिएको मताधिकारअनुसार खड्गप्रसाद ओली नेतृत्वको नेकपाको दुईतिहाइ बहुमतसहितको सरकार गठन भएको छ महिना पुगिसकेको छ।

यो सरकार गठन भएपछि जति दिन बित्दै गएका छन् त्यत्ति नै सरकार बदनाम हुँदै गएको छ। हिजो यिनीहरूले चुनावका बेलामा गरेका प्रतिबद्धता र समाजवाद उन्मुख भनिएको राज्यप्रणालीले गर्नुपर्ने सामान्य मान्यताअनुसार चल्नु त कता हो कता, सरकार ठीक उल्टो दिशामा हिँडिरहेको छ । यसले गर्दा एकातिर संसदीय व्यवस्थाप्रतिको मोह भङ्ग हुँदै गएको छ । अर्कोतिर यो सरकारले कम्युनिस्ट आन्दोलनलाई भ्रमित पार्ने र बदनाम गर्ने काम गरिराखेको छ। यही 'वाम सरकार' ले नाम मात्रको सङ्घीय प्रणालीप्रति पनि जनतामा वितृष्णा फैलाइरहेको छ।

भर्खरै मात्र यो सरकारका अर्थमन्त्री युवराज खतिवडा अमेरिका गएर फर्किएका छन् । उनी त्यहाँ नेपालको सङ्घीयता चलाउन आर्थिक अभाव भएकाले आवश्यक रकम माग्न गएका थिए । देशको शासन व्यवस्था चलाउन, मन्त्री, सांसद, कर्मचारीहरूको तलब ख्वाउन नपुगेकाले पैसा दिनुपर्‍यो भनी माग्न उनी गर्वसाथ अमेरिका गएका थिए। उनको यो कार्यले नेपाल र नेपालीको शिर झुकाएको छ। विगत ५ वर्ष ६२ प्रतिशतका दरले बढेको नेपाली जनतामाथिको ऋणको बोझ यसले झनै बढाउने कुरामा कुनै शङ्का रहेको छैन । यो सरकार सङ्घ चलाउनका लागि जे पनि गर्न तयार भएको देखिएको छ। यस्तै अवस्था रह्यो भने यो प्रक्रियाले अझै तीव्रता पाउने पक्का छ।

अहिले जनतामा यो सरकारले एउटा आतङ्क उत्पन्न गरेको छ, त्यो हो करआतङ्क। यिनीहरूले बनाएका सबै तहहरूमा कर बढेर गएको छ। सङ्घीय सरकारको बजेटमा कर लगाएको र बढाएको छ। प्रदेश सरकारले पनि थप कर लगाएको र पुरानो कर बढाएको छ। त्यसैगरी ७ सय ५३ वटा स्थानीय तहमा पनि थप कर लगाउनुका साथै बढाइएको छ। यही कर बढेको कुरालाई लिएर एकजना सांसदलेसंसद्मा नै प्रधानमन्त्रीलाई केपी ओली भन्ने कि कर ओली भन्ने भनी व्यङ्ग्य गरेका थिए।

कर लगाउनुपर्छ, यसमा दुईमत छैन । आफूलाई समाजवाद उन्मुख भन्ने सरकारले त प्रगतिशील कर लगाउनु पर्दथ्यो। धनीसँग बढी कर लिने र गरिबलाई छूट गर्ने। यहाँ त ठीक उल्टो भएको छ। खोला तर्दा, माछा मार्दा, साग बेच्दा, अन्डा बेच्दा, मकै पोलेर बेच्दा, जुन पेसा अँगालेर गरिब जनताले आफ्नो साँझबिहान हातमुख जोर्न पनि मुस्किल परेको छ। यस्ता गरिब जनतासँग कर उठाएर सरकारका मन्त्री, सांसद, स्थानीय प्रतिनिधि आफ्नो भत्ता, सुविधा, गाडी र यात्रामा खर्च गरिराखेका छन्।

जनताको सामान्य सिफारिस लिन पनि मोटो रकम बुझाउनुपरेको छ। काम पनि सजिलोसँग हुँदैन। मोटो रकम तिरेर वा घूस ख्वाएर मात्र हुन्छ। उब्जाउविहीन जमिनको पनि अति मूल्याङ्कन गरी जमिनको महँगो पोत उठाइरहेका छन् । यसले संसदीय पार्टीहरूले भन्दै आएको सिंहदरबारको अधिकार गाउँमा भन्ने भनाइ सार्थक भएको छ । सिंहदरबारको इतिहास घूसखोरी, भ्रष्टाचार, नातावाद, कृपावाद र लुटखसोट हो। यी सबै विशेषता बोकेर यो संसदीय सङ्घीय व्यवस्था स्थानीय तहसम्म पुगेको छ।

गणतन्त्र र धर्मनिरपेक्षताको पनि सही कार्यान्वयन भएको छैन। महिला दिनदिनै बलात्कृत भैराखेका छन्। दलितको पनि उस्तै हाल छ। जनजाति मधेसीले केही पनि अधिकार पाएका छैनन् । यी परिघटनाहरूले जनतामा यो 'सङ्घीयता' प्रति जनताको वितृष्णा बढेको छ। सबै सङ्घीयता बेठीक हुँदैनन् । यो त राज्यसत्ताको संरचनाबमोजिमको हुने गर्दछ । त्यसैले जनताको राज्यसत्ता र त्यसअन्तर्गतको सङ्घीयताको आवश्यकता टड्कारो भएको छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# प्रकाण्डको गिरफ्तारी र प्रचण्ड-बादलको प्रतिक्रिया


उदयबहादुर चलाउने 'दीपक'

sg sf/0fn]ljKnj g]t[jsf]g]skf c/fhgLlts / cfk/flws ultljlwlt/ pGdv < s]ToxL rGbf p7fPs} sf/0fn]jf c¿ sg}sf/0f klg 5g < xf] sd/]8x¿ xfd|f] b[9 dt s]5 eg]- qmflGtsf] p2]Zo k'/f ePsf] 5}g . hgo'4sf] p2]Zo rf}af6f]d} 5f]8Psf] 5 . ;lxb–a]kQf–3f0t]sd/]8x¿sf] ;kgf k'/f ePsf] 5}g . hgtfsf cfzf / ck]Iffx¿ cnkq 5g . /fi6« :jfwLg ePs}5}g . oL tkf0{x¿n] g} l;sfPsf s'/fx¿ xg' . oyfy{ s'/f xg' . tkf0{x¿n] g} hufO{lbPsf t[i0ffx¿ xg' ! s]oxL s'/f cfh csf]{n] eGbf Tof] ck/fw eof] <

ठ्याम्मै एउटै भाषाशैलीमा वर्तमान सरकारका गृहमन्त्री रामबहादुर थापा 'बादल' तथा निवर्तमान माओवादी केन्द्रका अध्यक्ष एवम् नवगठित नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को अध्यक्षमण्डलका सदस्य पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको पार्टी नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता तथा स्थायी समिति सदस्य खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' लाई प्रहरीले गिरफ्तार गरेपछि 'अपराधी' करार गरे । नेकपालाई 'अराजनीतिक' र 'आतङ्कवाद' उन्मुख रहेको 'ऐलान' गरे । प्रकाण्ड र उनको पार्टीको अपराधबारे भनियो, 'चन्दाका नाममा करोडौँ रूपैयाँ असुल गरियो।'

समयको गजब संजोग के भने प्रकाण्ड प्रवक्ता रहेको पार्टीको नाम नेकपा, प्रचण्ड-बादलहरूको पार्टी पनि नेकपा । प्रकाण्ड र प्रचण्ड-बादलहरू विगत जनयुद्धका सहयात्री, सहयोद्धा । प्रकाण्ड अझै जनयुद्धका मूल्यको निन्तरतामा, प्रचण्ड-बादल त्यसको विपरीत यात्रामा । हिजो प्रचण्ड-बादलहरूको नेतृत्वमा आज प्रकाण्डहरूको नेतृत्वमा संसद्वादको विरोध र क्रान्तिकारी आन्दोलनको पक्षपोषण । हिजो प्रचण्ड-बादलहरूको नेतृत्वमा थियो 'चन्दा असुली', आज प्रकाण्डहरूको नेतृत्वमा । हिजो प्रचण्ड-बादलहरू क्रान्ति र नयाँ सत्ताका पक्षमा, आज प्रकाण्डहरू । समयको यो सानो चक्रमा एउटा फरकचाहिँ के भने हिजो क्रान्तिकारीहरू र क्रान्तिकारी आन्दोलन दमनको ठाउँमा काङ्ग्रेस-एमालेहरू थिए, आज प्रचण्ड-बादलहरू थपिए।

उपर्युक्त संजोगले मानिसहरूको मनमा तरहतरहका प्रतिक्रियाहरू हुनु स्वाभाविक छ। सामाजिक सञ्जालहरूमा राजनीतिक आलेखहरूमा, विज्ञप्ति र अन्य विविध सन्दर्भहरूमा यो घटनाका बारे विभिन्न प्रतिक्रियाहरू आइरहेका छन्। यो आलेखमा प्रचण्ड-बादलहरूले गरेको प्रतिक्रियाबारे 'प्रतिक्रिया' समेट्ने प्रयास गरिनेछ। प्रकाण्ड र प्रचण्ड-बादलहरू यो विपरीत ध्रुवीय यात्रामा लागेको धेरै लामो समय भएको छैन । २०६८ मङ्सिरमा सम्पन्न पालुङटार विस्तारित बैठकको निष्कर्षलाई बादलले एउटा सूत्रवाक्य बनाएका थिए- विद्रोहको विकल्प छैन, एकताको विकल्प छैन, रूपान्तरणको विकल्प छैन । त्यो बेला केन्द्रमा किरण-विप्लव, प्रचण्ड र बाबुराम गरी तीन चिरामा पार्टी विभाजित भएको थियो । सबैको मनमा अब पार्टी के हुने होला ? क्रान्तिको अधुरो कार्य पूरा होला कि नहोला ? यी यस्ता थुप्रै प्रश्नहरूले कार्यकर्ताहरू चिन्तित थिए। त्यो बैठकमा महासचिवको हैसियतले बादलको संश्लेषण- 'विद्रोह, एकता र रूपान्तरण !' सम्पूर्ण पार्टीपङ्क्तिमा उद्वेलनाको छाल बनेको थियो । साँच्चै त्यो वाक्यले पैदा गर्ने उद्वेलना, नेताहरूको हकमा के भयो, उनैले जानून् तर अधिकांश कार्यकर्ताको जिब्रोमै झुन्डिएको थियो, त्यो सूत्र वाक्य। माओवादी आन्दोलन र पार्टीको आन्तरिक जीवनमा सजीव नारा बनेको थियो।

पालुङटारले किरण-विप्लव-प्रकाण्डहरू र प्रचण्ड-बादलहरूलाई एकै ठाउँमा घचेटेको थियो । त्यो बेला बरु बाबुराम भट्टराई फरक धारमा उभिएका थिए । अर्को भाषामा भन्ने हो भने बाबुरामको पङ्क्तिबाट प्रचण्ड-बादलहरू किरण-विप्लव-प्रकाण्डहरूको कित्तामा बदली भएका थिए। अझ बादल अर्थात् मिस्टर 'क्लाउड' (नेपाली सेनाका अवकाश प्राप्त प्रधानसेनापति रुक्माङ्गत कटुवालको शब्द सापट लिएकोमा क्षमा चाहन्छु) त २०७० मा आयोजित संविधानसभाको दोस्रो निर्वाचनसम्मै प्रकाण्डहरूको नेतृत्व गर्दै निर्वाचन बहिष्कारको उद्घोषसहित मतपेटिकामा घन उज्याउँदै थिए। निर्वाचन बहिष्कारको त्यो निर्णय लिन पोखरामा आयोजित केन्द्रीय समितिको बैठकमा बादलको संश्लेषण थियो, 'विद्रोह, सन्तुलन र जनयुद्ध।' त्यसलाई व्याख्या गर्दै भनिएको थियो पहिलो सम्भावना विद्रोह हुनेछ। विद्रोह भएन भने सन्तुलन अर्थात् वार्ता हुनेछ र त्यो पनि भएन भने जनयुद्ध हुनेछ।

इतिहासको दोहोऱ्याई 'भद्दा मजाक' वा 'दुःखान्त अन्त्य' को नियमअनुसार नै होला प्रचण्ड-बादलीय यो अभिव्यक्ति । परिस्थितिको कठोरतालाई आत्मसात गर्दै प्रचण्ड-बादल कमरेडहरूलाई प्रश्न गर्न चाहन्छु– चन्दा उठाउनु अपराध हो भने छातीमा हात राखेर भन्नुस् कमरेडहरू, नेपालको राजनीतिक इतिहासमा सायद तपाईंहरू नै सबभन्दा धेरै चन्दा उठाउने नेताहरूमा पर्नुहुन्छ होला। दस वर्षको युद्ध अवधिमा करोडौँ चन्दा उठ्यो होला । आफूलाई सबैभन्दा पुरानो र 'प्रजातान्त्रिक' पार्टी भन्ने नेपाली काङ्ग्रेसले के बिनाचन्दा तीनतीनपटक हतियार उठाएको थियो ? झापा आन्दोलनको नामले चिनिएको सशस्त्र सङ्घर्षमा सहभागी हाल प्रधानमन्त्रीको आसनमा रहेका केपी ओलीहरूले चन्दा उठाएका थिएनन् ?

कुन कारणले विप्लव नेतृत्वको नेकपा अराजनीतिक र आपराधिक गतिविधितिर उन्मुख ? के त्यही चन्दा उठाएकै कारणले वा अरू कुनै कारण पनि छन् ? हो, कमरेडहरू हाम्रो दृढ मत के छ भने- क्रान्तिको उद्देश्य पूरा भएको छैन । जनयुद्धको उद्देश्य चौबाटोमै छोडिएको छ। सहिद-बेपत्ता-घाइते कमरेडहरूको सपना पूरा भएको छैन । जनताका आशा र अपेक्षाहरू अलपत्र छन् । राष्ट्र स्वाधीन भएकै छैन। यी तपाईंहरूले नै सिकाएका कुराहरू हुन्। यथार्थ कुरा हुन्। तपाईंहरूले नै जगाइदिएका तृष्णाहरू हुन्! के यही कुरा आज अर्कोले भन्दा त्यो अपराध भयो ? कृपया तपाईंहरू नै भन्नुस्- आज लाखौँ नेपाली जनताका सन्तानहरूलाई विदेशीका नोकर बनाउन हामीले जनयुद्ध लडेका थियौँ ? के एकजना ज्ञानेन्द्रको ठाउँमा केही दर्जन विनोद चौधरी र सुमार्गीहरू करोडपतिको पङ्क्तिमा थप्न जनयुद्ध लडिएको थियो ? जनमुक्ति सेनाका हजारौँ योद्धाहरू विदेश र स्वदेशका गल्लीहरूमा भोको पेट लिएर डुल्दै हिँडिरहेको दुर्दशा खप्न जनयुद्ध लडिएको थियो ? अझ त्यसमाथि थपिएको छ जनयुद्ध लडेको सामाजिक अपमान । तपाईंहरूले नै जनयुद्धको बेला चन्दा उठाउन आदेश दिएर, रसिद दिएर पठाएका कार्यकर्ताहरूलाई जनताले आज पनि घेरा हालिरहेका छन्। ठूल्ठूला कार्यक्रमको बेला हराएका भाँडाकुँडा र दरी-पाखीहरू मागिरहेका छन्। के त्यसका बारेमा तपाईंका प्रहरीहरूले कहिल्यै सूचना दिएनन् ? जनयुद्धताका जनसत्ताको रोहवरमा गरिएका अन्तरजातीय विवाहहरू धमाधम बिछोड भएका सूचना कसैले दिएका छैनन् ? तपाईंहरूको आदेशमा कब्जा गरेको जमिनमा बसाइएका गरिब किसानहरू जमिनदारले पुलिस लगाएर लखेटेका छन्। त्यसमा तपाईंहरूकै समूहका केही मान्छेहरू दलाल भएर जनता चुट्न दिनदहाडै खटिएका छन्, त्यसको खबर त पक्कै होला नै ? शिक्षा र स्वास्थ्य गरिब जनताको होइन, आज पनि धनीहरूकै भएको छ। महँगी, घुस, भ्रष्टाचार, दलाली, अभाव त्यसले पनि नपुगेर तपाईंको राज्यले थोपरेको कर तिर्न नसकेर जनता जग्गा धितोमा राखेर कर तिर्न बाध्य छन्!

प्रिय कमरेडहरू, तपाईंहरू अब जनताको घेरामा हुनुहुन्न। ती सिकुटे अभागी जनसेना र कार्यकर्ताहरूको घेरामा पनि हुनुहुन्न जसले 'हाम्रो सुप्रिम कमान्डरलाई नदेखेरै मर्ने भइयो' भन्दै जीवन बलिदान गरेका थिए । जनताको घर आँगनमा पुग्ने 'तुच्छ' काम तपाईंहरूको दिमागले 'डिलिट' गरिसक्यो। कतै 'रिसाइकल बिन' मा केही कुरा बाँकी छ कि ? कृपया हेर्ने कष्ट गरिदिनुपर्‍यो । जनताले रक्सी खाँदा बङ्गारा फुत्किने गरी बजाउने कार्यकर्ताले लुकाइलुकाई तपाईंहरूलाई रक्सी बोकेको, जनसेना र तल्लो तहका कार्यकर्ताहरूले गाई, भैँसी र सुँगुरको मासु खाँदा तपाईंहरूलाई सके खसी, नभए कुखुराको भाले अनिवार्य पकाउने कार्यकर्ताहरू, जनता र कार्यकर्ताहरू झुपडीमा बसेर 'सर्वहारा वर्गको हेडक्वार्टर' लाई ढुङ्गामाटोकै भए पनि पक्की घर खोजेर अनि त्यहाँ भित्तामा चटक्क सुकोमल, सफा र उज्याला कपडाहरूले बेरेको फायल कतै खुल्छ कि ? कमरेडहरू त्यो सब क्रान्तिका लागि समर्पण थियो! त्यसमा साँच्चै असीम विश्वास र माया थियो। त्यहाँ कुनै रिस, द्वेष छँदै थिएन। बडो गौरवको कुरा त के हुन्थ्यो भने तपाईंहरूलाई देखेको, अझ त कहीँ हात मिलाउने अवसर जुटेछ भने त त्यो ठूलै युद्ध जितेसरहको 'अभिमान' हुन्थ्यो।

प्रिय कमरेडहरू, तपाईंहरूका छोराछोरी, श्रीमती सके युद्धमा सामेल भएनन्, सामेल थिए भने पनि ती तपाईंहरूसँगै अति सुरक्षित थिए । त्यसैले नै हो उनीहरूले आफ्नो जिउका चोक्टा गोली दागेर चुँडाएको दैनिक देख्ने 'सौभाग्य' तपाईंहरूलाई जुरेन। सहिदको कोटा त अलि टाढाकै कुरा भयो तर उता प्रकाण्डको घरबाट त दुईजना भाइ सहिद भएका छन्, त्यो तपाईंहरूकै आदेशको शिरोपर गरेर । युद्धमैदानमा लड्दालड्दै गोली खाएर ! आज विप्लव नेतृत्वको नेकपा जहाँ प्रकाण्ड र अरू थुप्रै नेता-कार्यकर्ताहरू लामबद्ध भएका छन् ती तपाईंहरूकै हिजोका सपनाहरूको अनुयायी हुन्। ती कसरी अपराधी हुन पुगे, तपाईंहरूको दृष्टिमा ? जसले क्विन्टलका क्विन्टल सुन खाएर दिसा गरेका छन्, ती अपराधी नहुने ? जसले अर्बौँअर्ब भ्रष्टाचार गरेका छन्, ती अपराधी नहुने ? जसले देशको प्राकृतिक स्रोतसाधन विदेशीलाई कौडीको मोलमा बेचेका छन् ती अपराधी नहुने ? शिक्षा र स्वास्थ्यलाई सुपर मार्केटको व्यवसाय बनाएर जनताको जिन्दगीमाथि खेलबाड गर्नेहरू अपराधी नहुने अनि त्यसको विरोध गर्ने पार्टी र तिनका नेताकार्यकर्ताहरू अपराधी हुने ? यो इतिहासको 'भद्दा मजाक' हो वा 'दुःखान्त अवसान !'

बादल कमरेड ! प्रचण्ड कमरेडभन्दा अझ पछिसम्म तपाईं प्रकाण्डहरूको नेता हुनुहन्थ्यो । प्रचण्डलाई 'लालगद्दार', भारतीय जासुसी संस्था 'र' को एजेन्ट भनेको अहिले पनि हाम्रो दिमागमा बेलाबखत प्रतिध्वनित भइरहन्छ। तपाईंले पालुङटारमा भनेको विद्रोह, एकता र रूपान्तरणको नारा अहिले पनि त्यो हाम्रो मार्गदर्शन भइरहेको छ । बादल कमरेड, जुन सत्ताको तपाईं आज गृहमन्त्री हुनुहुन्छ तपाईंले खारेज गर्ने भनेको 'सिन्डिकेट' खारेज भयो त ? काममा लापरबाही गर्ने ठेकेदारहरू तपाईंका आदेश लत्याउँदै हिँडिरहेका छन् नि ? अनि सुनकाण्डका ठूला माछाहरू गहिरो तलाउमा आरामदायी रोमान्स गरिरहेको तपाईंलाई थाहा नै त छ ?

प्रचण्ड कमरेड ! जनमुक्ति सेनाको क्यान्टोनमेन्टलाई तेह्रौँ वर्षको 'गुप्तबास' अर्थ्याउने अनि 'मुखमा चुनाव, दिमागमा विद्रोह' भन्न सिकाउने तपाईंहरूलाई प्रश्न गर्न जरुर मन लागिरहेको छ– विप्लव नेतृत्वको नेकपा तपाईंहरूले नै सिकाउनुभएको बाटोमा हिँडिरहेको छ। त्यो पार्टी र त्यसका नेताकार्यकर्ताहरू अपराधी भए त्यही मन्त्र सिकाउने तपाईं गुरुहरूलाई के भन्ने ?

कमरेडहरू, इतिहासले सिकाएको कठोर शिक्षा यही हो कि स्टालिनलाई 'तानाशाह' र 'पागल' भन्ने पहिलो व्यक्ति उनकै सहकर्मी ख्रुस्चोभ थिए । चियाङ चिङ र चाङ चुङ चियाओहरूलाई फाँसीमा झुन्ड्याउने र जेलमा कुहाएर मार्ने अरू कोही नभएर आफ्नै सहकर्मी सहयोद्धा 'कमरेड' हरू नै थिए । मुटु थामेर हामीले विश्वास गर्नैपर्ने भयो, हाम्रा लागि त्यो समय अब धेरै टाढा रहेन ! समयको त्यो 'फर्ज' निर्बाह गर्न तपाईंहरू एउटा कित्तामा र प्रकाण्डहरू अर्को कित्तामा ! यो भयानक, रोमाञ्चकारी र पीडादायी परिदृश्यका आगामी पर्दाहरू खुल्दै जानेछन्। हामीलाई भने तपाईंहरूले नै सिकाउनुभएको हिजोकै मार्गदर्शन प्यारो लागिरहेको छ– पट्यारलाग्दो अर्थहीन लामो जिन्दगीभन्दा वीरतापूर्ण छोटो जिन्दगी कैयौँ गुणा आनन्ददायी हुन्छ!

> *इतिहासको दोहोऱ्याई 'भद्दा मजाक' वा 'दुःखान्त अन्त्य' को नियमअनुसार नै होला प्रचण्ड-बादलीय यो अभिव्यक्ति । परिस्थितिको कठोरतालाई आत्मसात गर्दै प्रचण्ड-बादल कमरेडहरुलाई प्रश्न गर्न चाहन्छु– चन्दा उठाउनु अपराध हो भने छातीमा हात राखेर भन्नुस् कमरेडहरु, नेपालको राजनीतिक इतिहासमा सायद तपाईंहरु नै सबभन्दा धेरै चन्दा उठाउने नेताहरुमा पर्नुहुन्छ होला । दस वर्षको युद्ध अवधिमा करोडौँ चन्दा उठ्यो होला । आफूलाई सबैभन्दा पुरानो र 'प्रजातान्त्रिक' पार्टी भन्ने नेपाली काङ्ग्रेसले के बिनाचन्दा तीनतीनपटक हतियार उठाएको थियो ? झापा आन्दोलनको नामले चिनिएको सशस्त्र सङ्घर्षमा सहभागी हाल प्रधानमन्त्रीको आसनमा रहेका केपी ओलीहरुले चन्दा उठाएका थिएनन् ?*

▶▶ पृष्ठ १ बाट क्रमशः ...

# वैज्ञानिक समाजवादको अनिवार्यता

(मार्क्स-एङ्गेल्स, सङ्कलित रचना खण्ड १, कम्युनिस्ट घोषणापत्र, पृ. ५५) ।

यसले यही साबित गर्छ, समयको सापेक्षतामा कुन आर्थिक उत्पादन-सम्बन्ध र उत्पादक शक्तिले आधुनिकता, वैज्ञानिकता, जनवादी र सामूहिक चरित्र ग्रहण गर्छ, त्यसले नै पुरानो र पछौटे अर्थ-सम्बन्ध र उत्पादक शक्तिलाई विस्थापित गर्छ । कुनै समय थियो पुँजीवादी उत्पादन सम्बन्ध र उत्पादक शक्तिले समाजको सबैभन्दा प्रगतिशील र क्रान्तिकारी सम्बन्धको नेतृत्व गर्दथ्यो, सामन्तवाद भने पुरानो अर्थ-सम्बन्धको रक्षाका लागि पुँजीवादसँग सङ्घर्ष गर्दै थियो । जति कोसिस गरे पनि अन्ततः पुँजीवादी अर्थ-सम्बन्ध र राजनीतिक व्यवस्थाका लागि सामन्तवादले आफ्नो स्थान छोड्नैपऱ्यो । आज पुँजीवादले ठीक त्यसैगरी, वैज्ञानिक समाजवादी उत्पादन सम्बन्ध र सर्वहारावर्गसँग अस्तित्वका लागि सङ्घर्ष चलाइरहेको छ तर यो स्वभावतः निकै पछि परिसकेको छ । वैज्ञानिक समाजवादी उत्पादन-सम्बन्ध र सर्वहारावर्गका लागि पुँजीवादले ठाउँ नछोडी सम्भव नै छैन ।

हामीलाई थाहा छ, यतिबेला पुँजीवाद जन्मिएको ५ सय वर्ष पुग्दैछ । यसले सामन्तवादको स्थान लिँदा जति प्रगतिशील, क्रान्तिकारी र जनवादी थियो, आज त्यस्तो छैन । यसको लोकप्रियता घट्दै एक जनविरोधी, मानवताविरोधी, क्रूर र दमनकारी व्यवस्थाका रूपमा बदनाम भएको छ र कमजोर हुँदै गएको छ । यसले नराम्रो पराजयको सामना पनि गरेको छ । यसले आफ्नो विजय र जीवनका बारेमा जति दम्भ पाले पनि यो वस्तुगत रूपले नै पछि पर्दै गएको छ । अर्कोतिर वैज्ञानिक समाजवादी सामूहिक एवम् समानतावादी अर्थ-सम्बन्ध भने मानव-समाज र जनताका बीचमा लोकप्रिय र स्वीकार्य बन्दै गएको छ । यो नयाँ र जीवनशील त यसै पनि छ । त्यसैले पनि सबैले मान्नेगरी समाजवादले पुँजीवादको ठाउँ लिँदैछ । विश्वभरका जनता पुँजीवादी शासकहरूका अनेकौँ अवरोधका बाबजुद वैज्ञानिक समाजवादप्रति ढल्किँदै गएका छन् ।

### ३. वैज्ञानिक समाजवादको जनवादी विशेषता

राजनीतिक क्षेत्रमा वैज्ञानिक समाजवादको जनवादी विशेषता र लोकप्रियता पुँजीवादले हार्ने र वैज्ञानिक समाजवादले जित्ने तेस्रो आन्तरिक कारण हो । राजनीतिक क्षेत्रमा जनवाद भनेको राज्यव्यवस्था सञ्चालनमा प्रयोग गरिने एवम् अभिव्यक्त हुने जनधारणा, जनमत, जनचाहना र जनसहभागिता हो । आजसम्म प्रयोग भएका राजनीतिक व्यवस्थामध्ये सबैभन्दा जनवादी तरिकाले अर्थात् जनमत, जनचाहना र जनसहभागितामा सञ्चालन हुने व्यवस्था वैज्ञानिक समाजवादी व्यवस्था नै हो । यसले सत्ताको निर्माण, सत्ता-गठन, सत्ता-सञ्चालक प्रतिनिधिहरूको निर्वाचन, सत्ता-सञ्चालन सबै नै जनताको मत र भावनाअनुरूप गर्दछ । त्यसमा पनि आजसम्म बुर्जुवावर्गद्वारा सम्पूर्ण क्षेत्रमा लुटिएका र सर्वस्वहरण गरिएका वास्तविक जनता, सर्वहारावर्गको मत र चाहनाअनुरूप गर्छ । 'जनताका लागि जनताबाट, जनताबाट आएकाले जनताका लागि' भन्ने सिद्धान्त यथार्थमा प्रयोग हुन्छ । पुँजीवादमा पनि जनमतको पालना, चुनाव, प्रतिस्पर्धाको देखावटी रूपलाई त प्रयोग गरिन्छ, जनताको मतअनुरूप शासन चलाएको बहाना गरिन्छ तर वास्तविकतामा त्यो कतै पनि जनमत, जनचाहना, जनसहभागितामा सञ्चालित छैन । त्यसले भन्ने जनता, निर्वाचनको प्रचार केवल जनतामाथिको लुटलाई वैधानिकता दिनका लागि जनताको आँखामा धुलो छर्न प्रयोग गरिने जाली नाटक मात्र हो । बुर्जुवाहरूको चुनाव, जनमत भनेको जनतालाई पहिलेको भन्दा चर्को उत्पीडन र लुटका लागि सहीछाप लगाउने साधन मात्र हो । पुँजीवाद आएदेखि कथित जनमतको प्रयोग निरन्तर यसैका लागि भइरहेको छ । हामी जब बुर्जुवाहरूले लाद्ने चुनावहरूबाट आउने परिणामहरूलाई हेर्छौं, त्यहाँ जहिले पनि जालीफटाहा, ठग, ठेकेदार, भ्रष्ट, गुण्डा, दलालहरू मात्र हाबी भएको र छानिएको पाउँछौँ । यसले देखाउँछ, पुँजीवाद जनवादको व्यापारी त हो तर वास्तविक जनवादी होइन, अधिनायकवादी हो । वास्तविक जनवादी वैज्ञानिक समाजवाद मात्र हो ।

लोकतन्त्र र जनवादका अनेकौँ नारा लगाए पनि पुँजीवादको परजीवी र उत्पीडनकारी चरित्र आज पनि यथावत् नै छ । पुँजीवादको यही परजीवी र लुटेरा चरित्रका कारण श्रमिक जनतामा बदनाम र अलोकप्रिय छ र सबैतिर असफल हुँदै गएको छ । साम्यवाद भने सिद्धान्त र प्रयोगमा वास्तविक जनवादी साबित हुँदै गएको छ । जो वास्तविक जनवादी हुन्छ त्यही नै विजयी पनि हुन्छ । त्यसैले आफ्नो वैचारिक श्रेष्ठतासहित तानाशाही पुँजीवादी व्यवस्थामाथि वैज्ञानिक समाजवादको विजय अनिवार्य छ ।

### ४. वैज्ञानिक समाजवादको क्रान्तिकारी चरित्र

वैज्ञानिक समाजवादको आगमन र पुँजीवादको पराजय हुने चौथो आन्तरिक कारण वैज्ञानिक समाजवादको क्रान्तिकारी चरित्र हो । क्रान्तिकारी चरित्र भन्नाले समाज र जनताका निम्ति हानिकारक, काम नलाग्ने अवरोधक र घातक हुन पुगेको वस्तु वा राज्यव्यवस्थालाई विचार, चेतना, योजना र सङ्घर्षको बलमा फ्याँकिदिनु र त्यसको स्थानमा जनताको हितअनुकूल व्यवस्था स्थापना गर्नु हो । आजको सन्दर्भमा पुँजीवाद जनताको हित र विकासमा त्यस्तै काम नलाग्ने अवरोधक, बाधक र घातक बन्न पुगेको छ । यसले श्रमिकवर्गमाथि अमानवीय प्रकारले उत्पीडन र दमन गरिरहेको छ । यसलाई सचेततापूर्वक श्रमिकवर्गको शक्तिद्वारा फाल्ने पहल गर्नु क्रान्तिकारी चरित्र भन्ने हुन्छ । हामीलाई थाहा छ, पुँजीवाद सामन्तवादविरुद्ध सङ्घर्ष गर्दा सबैभन्दा क्रान्तिकारी थियो । त्यसलाई प्रशंसा गर्दै मार्क्सले कम्युनिस्ट घोषणापत्रमा उल्लख नै गर्नुभयो, "अतीतमा बुर्जुवावर्गले निकै क्रान्तिकारी भूमिका खेलेको थियो । बुर्जुवावर्गले जहाँ-जहाँ सत्ता प्राप्त गऱ्यो, त्यहाँ-त्यहाँ नै सर्वत्र सबै प्रकारका सामन्तवादी, पितृसत्तात्मक र भावुकतापूर्ण सम्बन्धहरूको अन्त्य गरिदियो । "

(मार्क्स-एङ्गेल्स, सङ्कलित रचना खण्ड १, कम्युनिस्ट घोषणापत्र, पृ. ५०) ।

यो भनाइले स्पष्ट गर्छ, बुर्जुवावर्ग सामन्ती व्यवस्थामाथि हाबी हुनुको एउटै कारण पुँजीवाद क्रान्तिकारी हुनुले मात्र थियो तर पछि पुँजीवाद आफ्नो शोषणकारी एवम् मुनाफावादी उत्पादन र आर्थिक-सम्बन्धका कारण ऊ आफैँभित्र हुकिँदै गएको श्रमिकवर्ग, मजदुरवर्गभन्दा पछि पर्न गयो । सर्वहारावर्गको प्रगतिशील एवम् क्रान्तिकारी प्रवृत्तिका सामु पछौटे र प्रतिगामी बन्न पुग्यो । यसलाई पनि मार्क्सले भन्नुभयो, "बृहत् उद्योगको विकासले बुर्जुवावर्गको पैतालामुनिबाट त्यो जग नै भत्काइदिन्छ जसका आधारमा उसले वस्तुको उत्पादन गर्दछ र शोषण गर्दछ । बुर्जुवावर्गले सबैभन्दा पहिले त आफ्नै चिहान खन्नेहरूलाई उत्पन्न गर्दछ र उसको पतन र सर्वहारावर्गको विजय समान रूपले अनिवार्य छ । "

(मार्क्स-एङ्गेल्स, सङ्कलित रचना, खण्ड-१, कम्युनिस्ट घोषणापत्र, पृ. ६१) ।

उहाँको यो भनाइको अर्थ हुन्छ, पुँजीपतिवर्ग यसकारणले पछौटेवर्गमा परिणत भयो, पुँजीवादी उत्पादन-सम्बन्ध अर्थात् बृहत् उद्योगहरूको विकासले ऊभन्दा क्रान्तिकारी सर्वहारावर्ग अर्थात् पुँजीपतिवर्गको चिहान खन्ने वर्गको जन्म गराइदियो । पुँजीवादमाथि वैज्ञानिक समाजवाद यसकारणले नै विजयी भयो, वैज्ञानिक समाजवाद पुँजीवादभन्दा क्रान्तिकारी रह्यो ।

पुँजीवादले सवर्हारायुगमा आएपछि क्रान्तिकारी चरित्र गुमायो र वैज्ञानिक समाजवादले त्यो क्रान्तिकारी चरित्र ग्रहण गर्न पुग्यो । यही कारणले गर्दा नै बीसौँ शताब्दीमा महान् अक्टोबर क्रान्ति, चिनियाँ नयाँ जनवादी क्रान्तिसहित थुप्रै देशमा समाजवादी क्रान्तिहरू भए र मानवजाति पुँजीवादभन्दा पूरै फरक वैज्ञानिक समाजवाद स्थापना गर्न सफल भयो । यही दृष्टिकोणका आधारमा आज पनि विश्वभरि पुँजीवादका विरुद्ध विभिन्न सङ्घर्षहरू चलिरहेका छन् । जनता विशेषतः सर्वहारा श्रमिकवर्गले अतिकेन्द्रित, अति-एकाधिकार, युद्धवादी, दमनकारी बन्दै गएको पुँजीवादबाट मुक्ति खोजिरहेका छन् । मुक्ति पुँजीवादभन्दा सबै दृष्टिले अग्रगामी, प्रगतिशील र क्रान्तिकारी व्यवस्थाले मात्र दिन सक्छ । त्यो भनेको वैज्ञानिक समाजवाद मात्र हो भन्नेमा पनि सबै सहमत हुँदै गएका छन् । जनताको अग्रगमन र परिवर्तनको चाहनासँग वैज्ञानिक समाजवादको क्रान्तिकारी चरित्रले मात्र मेल खान्छ । त्यही भएर पनि भन्न सकिन्छ, आउँदो युग पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवादको अनिवार्य सफलतासँग जोडिएको छ ।

### ५. कम्युनिस्ट पार्टीको सचेत पहल

वैज्ञानिक समाजवाद विजय हुने अर्को आन्तरिक कारण कम्युनिस्ट पार्टीको सचेत पहल रहेको छ । मार्क्स, एङ्गेल्स, लेनिन, माओहरूले राज्यव्यवस्थाहरू दुई प्रकारले विकास, परिवर्तन र रूपान्तरण हुन्छन् भन्ने अनुसन्धान गर्नुभयो । पहिलो : स्वस्फूर्त तरिकाले हुने विकास र परिवर्तन, दोस्रो : वस्तु वा राज्यव्यवस्थालाई सचेत पहलद्वारा गरिने परिवर्तन । उहाँहरूले राज्यव्यवस्थालाई स्वतस्फूर्त तरिकाले हुने परिवर्तनको दिशामा छोडिदिने हो भने परिवर्तनको गति निकै धिमा र घिस्राइपूर्ण हुने र त्यसले निकै लामो समय लिने निष्कर्ष दिनुभयो । स्वतः परिवर्तनको दिशामा जाँदा मानव-समुदायले निकै ठूला कृत्रिम विभेद, उत्पीडन, दमन सहनुपर्ने अवस्था आउने पनि बताउनुभयो । त्यसको स्थानमा सचेत र योजनबद्ध पहलद्वारा परिवर्तन गर्ने बाटोमा अगाडि बढेमा केही कठिनाइ, त्याग, बलिदान गर्नुपरे पनि समाजलाई छिटो उत्पीडन, शोषण र दमनबाट मुक्त गर्न सकिने दृष्टिकोण दिनुभयो । उदाहरणार्थ, आज पुँजीवाद छ । पुँजीवादलाई स्वतः परिवर्तनको मार्गमा छोडिदिने हो भने यसले अझै पनि सयौँ वर्षसम्म मानवजातिको ठूलो हिस्सालाई अमानवीय प्रकारले लुटखसोट, शोषण-दमन, हैकम-उत्पीडन गरिरहनेछ । यसको कारणले मान्छेहरूभित्रै विभेदित संसार तयार हुनेछ जो कतैबाट पनि सहन र खप्नलायक हुँदैन । तर मार्क्स-लेनिन-माओहरूले भन्नुभएजस्तै हामीले सचेत र योजनाबद्ध रूपमा यो पुँजीवादलाई परिवर्तन गर्न पहल गऱ्यौँ भने ठूलठूला सङ्घर्ष र बलिदानका बाबजुद मानव-समुदायले पुँजीवादको शोषण, दमन, उत्पीडन र अत्याचारबाट मुक्ति पाउनेछ । एउटै मानव-समाजमा मुख्यतः दुईखालको विभेदित जीवन खप्नुपर्ने छैन । मार्क्स-एङ्गेल्सको यो विचारमा श्रमिकवर्ग र कम्युनिस्टहरू पूर्ण सहमत भए ।

मार्क्सदेखि माओसम्मले सचेततापूर्वक राज्यव्यवस्थालाई परिवर्तन गर्ने विचार मात्र राख्नुभएन, त्यो पहल कसले कसरी गर्न सक्छ भन्ने विचार पनि दिनुभयो । यसका लागि कम्युनिस्ट पार्टी परिवर्तनको पहलकर्ता हुनुपर्ने पनि बताउनुभयो । कम्युनिस्ट पार्टीले पुँजीवादलाई सचेत प्रकारले बदल्न पहल गर्नुपर्छ भन्नुको अर्थ क्रान्तिकारी कम्युनिस्ट पार्टीको निर्माण गर्नु; श्रमिकवर्गलाई वैज्ञानिक विचारले प्रशिक्षित र सुसज्जित गर्नु; शोषकवर्गलाई उदाङ्ग्याउनु र कमजोर बनाउनु; सम्पूर्ण क्रान्तिकारी वर्गहरूलाई परिवर्तनका पक्षमा एकताबद्ध गर्नु; सत्तासीन पुँजीपतिवर्ग र पुँजीवादी राज्यसत्ताविरुद्ध सङ्घर्ष उठाउनु र क्रान्तिका लागि आवश्यक पर्ने साधन-स्रोतहरूको तयारी गर्नु हो । मार्क्स-लेनिन-माओका यिनै विचारअनुरूप कम्युनिस्ट पार्टीहरू निर्माण भए र विश्वभर क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले पुँजीवादलाई परिवर्तन गर्ने पहल गरे । यही सिद्धान्तको प्रयोगद्वारा नै रुसमा लेनिनको नेतृत्वमा महान् अक्टोबर क्रान्ति सम्पन्न भयो । चीनमा नयाँ जनवादी क्रान्ति र विश्वका धेरै देशमा वैज्ञानिक समाजवादी क्रान्तिहरू भए । आज पनि कम्युनिस्ट र कम्युनिस्ट पार्टीहरू पुँजीवादलाई सचेततापूर्वक परिवर्तन गर्ने अभियानमा जुटिरहेका छन् । धेरै देशहरूमा कि क्रान्ति चलिरहेका छन्, कि त क्रान्तिको तयारी भइरहेका छन् । यसरी हेर्दा कम्युनिस्ट पार्टीको सचेत पहल वैज्ञानिक समाजवाद सफलताको महत्वपूर्ण आन्तरिक कारण रहेको छ ।

## मुलुकी ऐन ...

भने, 'लोकतन्त्रमा नागरिक बोल्छन् र सरकार सुन्छ तर तानाशाहीमा सरकार बोल्छ र नागरिक सुन्छन् । हाम्रो देशमा पनि लोकतन्त्र छ । नागरिकले बोल्नुपर्छ र सरकारले सुन्नुपर्छ ।' उनले मुलुकी ऐनले प्रेस स्वतन्त्रता र नागरिक अधिकारमाथि प्रश्न उठाएको बताए ।

पाठकले नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले आफ्नो मानवअधिकार हनन भएको भनेपछि आफू सर्वोच्च अदालत पुगेको बताउँदै शाहीकालमा सेनाले गरेको भन्दा पनि प्रहरीले नराम्रो व्यवहार गरेको बताए । 'प्रकाण्डजीले मेरो मानवअधिकार हनन हुन लाग्यो भनेर फोन गर्नुभयो । म सर्वोच्चमा पुगेँ । सर्वोच्चभित्रै ध्यानसहित प्रहरी थिए । सर्वोच्चका रजिस्ट्रारसँग कुरा गरेर उहाँहरूलाई पठाइयो । गेटमा बस्नुभयो । प्रकाण्डजीलाई गाडीमा राखेर आयोगमा लग्न खोजेँ तर प्रहरी अफिसरले गाडी सिल गरिएको छ भने । शाहीकालमा पनि यस्तै भनिएको थियो । म शाहीकालमा त्यस्तै तीन घटनामा संलग्न भएको थिएँ तर यस्तो भएको थिएन । यो मेरो मानवअधिकारको क्षेत्रमा दुःखद् हो ।'

कार्यक्रममा नागरिक अगुवा डा. सुन्दरमणि दीक्षित, पत्रकार नरेन्द्रजङ्ग पिटर, नेपाल पत्रकार महासङ्घका पूर्वसचिव प्रभात चलाउने, नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष दिलीप थापामगर, मधेसी पत्रकार समाजका अध्यक्ष मोहन सिंहलगायतले मुलुकी ऐनले भय उत्पन्न गरेको बताएका थिए ।

कार्यक्रमको अध्यक्षता क्रान्तिकारी पत्रकार सङ्गठन काठमाडौँका अध्यक्ष करणसिंह बडालले गर्नुभएको थियो भने संचालन धनञ्जय बुढाले गर्नुभएको थियो । कार्यक्रममा विभिन्न संचारमाध्यम र सरोकारवाला निकायमा व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

स्मरणीय छ, सरकारले यही भदौ १ गतेबाट लागु हुनेगरी सार्वजनिक गरेको मुलुकी ऐन संचार, मानव अधिकार र स्वास्थ्य क्षेत्र विरोधी भएको भन्दै देशभर आन्दोलनका कार्यक्रम घोषणा भएका छन् ।

## पत्रकार महासङ्घ आन्दोलित

यही भदौ १ गतेदेखि कार्यान्वयनमा आएको मुलुकी (फौजदारी) संहिता २०७४, मुलुकी (देवानी) संहिता २०७४ तथा गोपनीयताको हकविरुद्धको कसुरसम्बन्धी कानुनहरूका केही बुँदा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको बाधकका रूपमा रहेको ठहर गर्दै नेपाल पत्रकार महासङ्घले ती बुँदा संशोधनको माग गर्दै देशव्यापी आन्दोलन थाल्ने निर्णय गरेको छ ।

महासङ्घ केन्द्रीय कार्यालयमा आइतबार बसेको केन्द्रीय समिति बैठकले ऐनमा उल्लिखित प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश पुऱ्याउने बुँदाहरू तयार पार्न वकिलहरू, महासङ्घका पूर्वसभापतिहरू, सम्पादकहरू, मिडिया सोसाइटीलगायत सरोकारवाला र प्रेस युनियन तथा प्रेस सङ्गठन, क्रान्तिकारी पत्रकार सङ्गठन, क्रान्तिकारी पत्रकार महासङ्घलगायत सबै सरोकारवाला सङ्घ र सङ्गठनसँग छलफल गर्ने निर्णय भएको जानकारी पत्रकार महासङ्घका केन्द्रीय सदस्य जन्मदेव जैसीले दिए । ती बुँदा तयार भएपछि संशोधनको माग गर्दै सञ्चारमन्त्री, कानुनमन्त्री, सङ्घीय संसद्का सभामुख, सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका प्रमुख सचेतकहरूलाई ज्ञापनपत्र बुझाउने भएको छ ।

त्यसैगरी देशभरका जिल्ला शाखाले प्रमुख जिल्लाअधिकारीमार्फत पनि माग पत्र पठाउनेछन् । यस्तै प्रदेश समितिहरूले अन्तरक्रिया गर्नेछन् । पहिलो चरणको दबाबमूलक आन्दोलनको अन्तिम दिन सञ्चार उपकरणसहित राजधानीमा प्रदर्शन गरिने जैसीले बताए । त्यसैगरी पहिलो चरणको आन्दोलनबाट पनि माग सुनुवाइ नभए दोस्रो चरणको आन्दोलनमा जाने जैसीको भनाइ छ । महासङ्घले कानुनहरूको संशोधन नभएसम्म यी कानुनका बुँदाहरू आमसञ्चार र पत्रकारहरूलाई लागू नगर्न पनि आह्वान गरेको छ । त्यस्तै प्रेस काउन्सिलमा वर्गीकरणबारे देशैभरि उठेका प्रश्नबारे छलफल गर्ने र अन्याय भएको छ भने पुनरावलोकनका लागि आग्रह गर्ने निर्णय पनि गरेको छ ।

## दोरम्बामा प्रचण्डलाई कालोझन्डा



■ रातो खबर संवाददाता/काठमाडौँ

१६ औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस मनाउन रामेछापको दोरम्बा पुगेका प्रचण्डलाई स्थानीय जनता र नेकपाका कार्यकर्ताले कालोझन्डा देखाएका छन् । प्रचण्डको पार्टीले दोरम्बा हत्याकाण्ड स्मृति दिवस मनाउनु कुनै औचित्य नभएको भन्दै नेकपाका कार्यकर्ताले कालोझन्डा देखाएर प्रचण्डको पलायनविरुद्ध नाराबाजीसमेत गरे । जिल्ला जनपरिषद् रामेछापका प्रमुख विवेक लामाले प्रचण्डको पार्टी तत्कालीन माओवादी केन्द्र एमालेमा विलय भइसकेको र जनयुद्धका मूल्यमान्यतालाई भुलिसकेको हुनाले सहिद स्मृति दिवस मनाउनुको औचित्य नभएको बताए । विप्लव नेतृत्वको नेकपाका समर्थकहरूले गरेको उक्त विरोध कार्यक्रममा 'सहिदको अपमान गर्न पाइँदैन ! राजनीतिक दलाल प्रचण्ड-मुर्दावाद ! एकीकृत जनक्रान्ति-जिन्दावाद !, वैज्ञानिक समाजवाद-जिन्दावाद ! नेपाल कम्युनिस्ट पार्टी-जिन्दावाद ! वीर सहिद- लालसलाम ! दोरम्बाका महान् सहिदहरू अमर रहून्' जस्ता नारा लगाउँदै कालोझन्डा देखाएका छन् । विरोध प्रदर्शनपछि प्रचण्डको कार्यक्रम एक छिन बिथोलिएको थियो ।

२०६० साल साउन ३२ गते रामेछापको दोरम्बामा तत्कालीन शाहीसेनाका मेजर राममणि पोखरेल नेतृत्वका सैनिकले रामेछाप जनसरकार प्रमुख बाबुराम लामा (पुष्प), अम्बिका दाहाल (ललिका), उमा कार्की (सहारा), विष्णुमाया थापामगर (बिमा), विमला, उषा, रक्तिम, हर्कबहादुर तामाङ 'यथार्थ', रवि चौहान (समीर), श्याम तामाङ (इन्क्लाब), पदमराज गिरी (असल), ठूलोराम तामाङ (छोक्पा), सानोराम तामाङ (तारा), लक्ष्मण तामाङ (छायाँ), जमिन, सोम, युवराज मोक्तान, लीला मोक्तान, टेकबहादुर थापामगर (विवेक), चतुर्मान थामी (समर) सहित २१ जनाको बर्बरतापूर्वक हत्या गरेका थिए ।

## महिला सङ्घर्ष समितिद्वारा प्रकाण्ड गिरफ्तारीको विरोध

■ रातो खबर संवाददाता/काठमाडौँ

संयुक्त महिला सङ्घर्ष समितिले नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डलगायत नेता-कार्यकर्ता गिरफ्तारीको विरोध गरेको छ । नेकपा निकट अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की कोषाध्यक्ष प्रतिमा गहतराज, अखिल नेपाल महिला सङ्घकी अध्यक्ष मीना पुन, अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की सहसचिव रूपा गेलाल, अखिल नेपाल प्रगतिशील महिला सङ्घकी उपाध्यक्ष जनककुमारी चालिसे र महिला शक्ति महासङ्घ नेपालकी संयोजक मनु हुमागाईंले मङ्गलबार संयुक्त प्रेसवक्तव्य जारी गर्दै राजनीतिक आस्थाकै आधारमा नेकपाका प्रवक्ता प्रकाण्डलगायत नेता-कार्यकर्तालाई गिरफ्तार गरेर अमानवीय ढङ्गले यातना दिई गैरकानुनी रूपमा हिरासतमा राखिएको भन्दै सङ्घले ध्यानाकर्षण भएको जनाएका छन् । महिला सङ्घर्ष समितिले गिरफ्तार नेता-कार्यकर्ताको तत्काल बिनासर्त रिहाइको माग पनि गरेको छ ।




# जातीय मुक्ति र वैज्ञानिक समाजवाद

इन्द्र मगर



*sltko zf]ift ju{sf p4f/s egfpFbfx¿ zflGtk0f{af6f]sf] /fu ufpFg / s]eG5g eg] qmflGtsf]af6f]lx+fk0f{/ cK7of/f]5 . hgtfn]kl/tlglw 5fGg kfpg]Joj:yf ePsf dn'sdf zf]ift hgtfn];+bdf cf^gf]klfsf]axdt agfpg ;S5g / o;/L ;lhn}/fHo;Qf xTofpg ;S5g . t/ of]c;Dej s'/f]xf]. kFlklt / bnfn ;+bjfbL ;zf]wgjfbLx¿n]zf]ift hgtfnf0{;w}kFlhjfbL rgfjdf cNdNofO/fVg u/]sf]if8oGq xf]. tYo s]5 eg]kl/tlglw;ef -;+b jf h]eg]klg_ bnfn, e|6, zf]fssf]cgxf/ 5f]g] kbf{xf]. Ps t zf]ift ju{n] zf]fsx¿;Fu rgfj n8]/ cf^gf] axdt kf|Kt ug{;Qmb}g .*

विश्व जीवन र जगत्‌को व्यवस्थापनमा धेरै ठूलठूला अप्रिय घटनाहरूको सामना गर्नुपरेको इतिहास अहिले पनि विभिन्न बहानामा जारी छ। राजनीतिक, भौगोलिक, आर्थिक, धार्मिक, भाषिक, लैङ्गिक, जातीय, भाषिक सांस्कृतिक परम्परा आदि विषयलाई आधार बनाई प्रत्यक्ष वा अप्रत्यक्ष लडाइँ भइरहेको छ। अब्राहम लिङ्कन र नेल्सन मन्डेलाजस्ता व्यक्तिहरूले पनि यो जातीय विभेदका बारेमा केही राहतस्वरूप सफलता हातपारेको उदाहरणहरू भए पनि यी यस्ता सफलताले खासै दीर्घकालीन महत्व राख्दैन। अहिले जातलाई विभिन्नखाले समस्याहरू बनाएर जातीय मुक्तिलाई अलमल पारिएको छ। खास गरेर विश्वमै जातका विषयमा अध्ययन गर्दा मानव विकासको इतिहासतर्फ हमीले दृष्टि लगाउने हो भने १५००० वर्षअघि मात्र वास्तविक मानव समुदायको विकास भएको देखिन्छ । एकथरी काम गर्ने र अर्कोथरी कामदार बनेका थिएनन् । एकथरी सधैँ काम गरिखाने र अर्कोथरी काम नगरी सधैँ बसीबसी अर्काको कमाइमाथि रजाइँ गरी खाने समाज बनेको थिएन। करिब ४५०० ई. पू. देखि मात्र मानव समुदाय दुई वर्गमा विभाजित भए । एकथरी काम गरी खाने र अर्कोथरी काम गराएर खाने। अर्कालाई काम गराउनेले जहिले पनि शोषण गर्दथ्यो। त्यसैले उनीहरू शोषक वर्ग भए भने काम गर्ने जहिले पनि ठगिन्थ्यो । त्यसैले काम गर्नेहरू शोषित वर्ग भए। जब समाजमा यसरी वर्ग देखापऱ्यो तब त्यसपछिको सम्पूर्ण समय मार्क्सको शब्दमा भन्ने हो भने, 'सम्पूर्ण इतिहास वर्गसङ्घर्षको इतिहास हो ।' त्यो सङ्घर्ष आजसम्म पनि टुङ्गिएको छैन, निरन्तर चलिरहेको छ। चाहे त्यो वर्गसङ्घर्ष होस् अथवा जातीय वा राष्ट्रिय सङ्घर्ष कहिले कसरी टुङ्गिने हो ? चासोको विषय बनेको छ। तर के कुरो सत्य हो भने जबसम्म समाजमा जात रहन्छ तबसम्म वर्ग रहन्छ। जबसम्म वर्ग रहन्छ तबसम्म जात पनि रहन्छ। जबसम्म जातीय र वर्गीय विभेद रहन्छ तबसम्म सङ्घर्ष समाप्त हुनै सक्तैन। सङ्घर्ष निरन्तर चली नै रहन्छ।

यहाँ जीवविकास र मानव चिन्तनसँगसँगै विश्वब्रह्माण्डको उत्पत्ति कसरी भयो ? हाम्रो सौर्यमण्डलभित्र यति सुन्दर जगत् पृथ्वीको उत्पत्ति कसरी भयो ? यस धर्तीमा अनेकथरी वनस्पति, पानीमा बस्ने जीव, आकाशमा उड्ने चराचुरुङ्गी र जमिनमा बस्ने नानाथरी जीवजन्तुका साथै चेतनशील मानिसकै उत्पत्ति कसरी भयो ? यत्रो विश्व परिचालन गर्ने शक्ति वा सामर्थ्य कोसँग होला ? यसको नियम-पद्धति के हो ? भन्ने सवालहरू पनि उठ्छन्। यस्तैयस्तै चिन्तन र शोधखोजबाट जीवन र जगत्‌को उत्पत्तिबारेमा पनि प्रश्न उठ्नु स्वाभाविक हो । यसमा दुईथरी विचारधारा देखापर्दै आएका छन् : एउटा सृष्टिवादी धारणा र अर्को विकासवादी धारणा । सृष्टिवादी धारणाले सुरुमा एउटा अति महान् चेतन शक्ति (ईश्वर) आफैँ प्रकट भएर जगत् र जीवनको एकैसाथ सृष्टि गरेको र संसार सधैँ एउटै हिसाबले चल्ने कुरा मान्दछ। यो धारणा कल्पना र भावनाका आधारमा अडिएको छ । अर्को विकासवादी धारणाले जगत्‌लाई प्रकृतिको लामो विकासको नतिजा मान्दछ । त्यसअनुसार जीवहरू भौतिक संसारकै परिवर्तन र विकासवाट निस्केका हुन्। यी विश्व र जीवहरू सधैँ एकनास नरही सरलबाट जटिल हुँदै तल्लो तहबाट माथिल्लो तहतिर फेरिइरहन्छ। यो धारणा भौतिक नियमहरूको खोजका आधारमा अडिएको छ। महान् वैज्ञानिक स्टिफन हकिङ्सले उनको 'ए ब्रिफ हिस्ट्री अफ टाइम' नामक पुस्तकमा 'सानो ग्रहका हामी सामान्य नगन्य प्राणि हौँ । पृथ्वी ताराहरूको बीचमा एउटा सामान्य ग्रह हो । सूर्य आकाशगङ्गामध्ये एउटा कुनामा अवस्थित एउटा तारा हो । यही कारणले पृथ्वीका सानाठूला प्राणीहरूको हेरचाह भइरहेको छ' भनेर लेखेका छन् । जसरी विज्ञान भौतिक पदार्थका मूल तत्वको खोजमा अणु, परमाणु, कण र विकणहरूसम्म पुग्यो त्यसरी नै जीवनका सुरुआतका खोजमा पनि सकेसम्म तल्लो तहमा पुगेर धुइँपत्ता लगाउने प्रयास गर्दैछ। पृथ्वीमा अहिले पनि तीनखाले जीवहरू छन् : १) अकोशीय या प्राक्कोशीय जीव अर्थात् जीवकोष (ऋभी) तयार हुनुभन्दा पनि अघिल्लो चरणका जीव 'भाइरस' आदि, २) एककोशीय जीव 'अमिवा' आदि र ३) बहुकोशीय जीव, अमिवाभन्दा माथिका सबै प्राणीहरू। जीव बीज (प्रोटोप्लाज्म) को विकासबाट अमिवाजस्ता तार्निंदै, चुँडिँदै, सङ्ख्या बढ्दै जाने एक जीवकोषीय प्राणीको उत्पत्ति भयो । त्यसपछि समुद्री किनाराको छिपछिपे तातोपानीको लेउजस्ता प्रारम्भिक वनस्पति र अति साना कीराहरू देखा पर्न थाले । तीनैवटा बिनाहाडका माछा (JELLY FISH) जस्ता अनेकौँ प्राणी बढ्दै गए । अनि तिनैको विकसित रूपमा डँडाल्नो नभएका माछा र अरू समुद्री जीवजन्तु हुँदै क्रमिक रूपमा मानवको पनि विकास भयो।

प्रारम्भिक कालमा मानिसले भोजन र हिंश्रक जीवजन्तुबाट बाँच्नका लागि केही दर्जनको समूहमा बस्न थाले । यसलाई नै मानव युथ भनिन्थ्यो । केही बढी शक्तिशाली बन्नका लागि केही युवाहरू मिलेर गोत्र (कुल) बन्यो । केही गोत्रहरू मिलेर एउटा भाषा र एउटा रीतिस्थिति भएका केही ठूलो समूह बन्यो जसलाई गण वा कविला भनिन्थ्यो । जब प्रकृति निर्भर जीवनयापन गर्न बाध्य मानिसहरू आवश्यकताअनुसार खान नपाउने बेलासम्म मानव समुदायमा वर्गविभाजन देखिएको थिएन त्यतिबेलासम्म समाजमा शोषण गर्ने परम्परा जन्मेकै थिएन । आवश्यकताअनुसार खान नपाउँदा आफ्नै खेती पनि गर्ने सोचाइहरूको विकास भयो। सिकार गर्न ढुङ्गाको हतियार बनाउने, जमिनमुनिका कन्दमूल खाने र आगो के हो ? जङ्गली जनावर छोपेर पाल्तु बनाउने, अब ओढार मात्र हैन, टहरा छाप्रो कसरी बनाउने ? जस्ता चिन्ताहरू अगाडि बढे । जब मानिस खेतीपातीको युगमा पुगेपछि उसका समस्या झन् गहिरिए । अनेकथरी हातहतियार, भाँडाकुँडा घरगोठ र लगाउने लुगा, ओढ्ने कपडाको खाँचो बढ्दै गएको हुनाले ती सबै उब्जाउन 'यो वस्तु के हो ? यस्तो चीज कसरी बन्छ ?' भन्ने खोज र प्रयोगमा झन् गहिरो गहिरोसँग मेहनत र दिमाग नलगाई मान्छेले सुख पाउने कुरै भएन । किनकि ती नयाँ समस्याको समाधान नगरी मानव जातिले आफ्नो सुरक्षा नगरी आफू बाँच्न सक्ने स्थिति थिएन । त्यसको फलस्वरूप खेतीपातीका लागि कुटोकोदालो, हँसिया, बन्चरो, हलोजुवा, दाइएका गोरुजस्ता साधनहरू आवश्यकता वा अभावको परिपूर्तिका लागि तयार भए । कोदालो कृषिबाट हलो कृषितर्फ मानवसमाज विकसित भयो। यसले उत्पादन पद्धतिमा पनि परिवर्तन ल्यायो र केही गण वा कविला मिलेर गाउँले समुदायमा परिवर्तन भयो। त्यसपछि मानव समुदायमा वर्गविभाजन देखियो र शोषक वर्गले शोषित वर्गलाई दमन गर्नका लागि राज्य उत्पत्तिसमेत भयो।

यसरी आदिम साम्यवादी, दास, सामन्ती, साम्राज्यवाद, विस्तारवाद हुँदै दलाल सामाजिक पुँजीवादी व्यवस्थासम्म आइपुग्दा सबै राज्यले श्रमलाई मुद्रामा ढालेर शासकले शोषण गर्ने र शोषितहरूलाई झन्‌भन्दा झन् गरिब बनाउने औँलामा गनिने केही मुठीभरको व्यक्ति वा समूहले सबैलाई शासन गर्ने गर्दछन्। यही शासन गर्ने क्रममा वर्ग, लिङ्ग, श्रम, धर्म, संस्कारसंस्कृति, भाषा, भेष, शरीरको बनावटमा विभाजन गरी सामन्त राज्य सञ्चालनको चोर ढोका तयार गरेका हुन्छन्। श्रम गर्ने श्रमिकरुलाई विभिन्न जातजातिमा वर्गीकरण गरेर मानवीय आवश्यक काममा प्रयोग गरेको देखिन्छ। सीपका आधारमा कर्मचारी वा कुनै कामका पदहरू विभाजन गरेर श्रमिकश्रमिकबीचमा पनि विभेद उत्पन्न गरेर फुटाऊ र राज गरको रणनीति पनि लागू गरेको छ । दक्षिणएसियामा विद्यमान जातीय समस्याका अनुसन्धानकर्ता विश्लेषक डा. भीमराव अम्बेडकरले भनेका छन्, 'जातीय विभाजन भनेको श्रमको मात्र विभाजन होइन, यो श्रमिकको पनि विभाजन हो । त्यसैले यहाँ वर्गसङ्घर्ष सफल गराउने हो भने पहिला जातको अन्त्यका लागि सङ्घर्ष गर्न जरुर छ ।' अझ जातलाई धर्मसँग जोडेर वर्गभन्दा माथि जातलाई राखेर सामन्तहरूले आफूलाई जे कुनै पनि विकल्पवाट गरिखाने वर्ग वा जातिलाई माथि आउन नदिन षड्यन्त्र गर्दछन् । फलस्वरूप एउटा मान्छेले मान्छे भएर बाँच्न पाउने अधिकारबाट वञ्चित गराइन्छ । ब्राह्मणलाई उमेर वा नाताले जे भए पनि हजुरबा भनेर ढोग्नैपर्ने संस्कारको विकास गराइन्छ भनेपछि ब्राह्मणलाई आफ्नो जन्म दिने बाबाभन्दा माथिको श्रेणीमा राखेर जब आदर गर्नु बाध्य बनाइन्छ । ब्राह्मणलाई खुट्टाले छोयो भने मात्र पनि महापाप हुन्छ, कुट्नु-मार्नुको कुरै नगरौँ । पढ्ने-लेख्ने काम ब्राह्मणले मात्र गर्ने, पूजापाठजस्ता शुभलाभका कामकार्य ब्राह्मणले मात्र गर्छ । खेतीपाती, पशुपालनजस्ता काम क्षेत्रीहरूलाई गराउने । सेना वा लडाकु कामकार्यमा जनजातिहरूलाई मात्र राख्नुपर्छ । विभिन्न खालका औजार तथा वस्त्र लुगा सिलाउन तथा अन्य बाजा बजाउने, सीप कलाहरूका लागि दलित समुदायलाई प्रयोग गर्नुले नै एउटै उही मान्छेलाई वर्गीय रूपमा विभाजित गराई धर्मको खोलभित्र राखेर जातजातिलाई विभेदको नीतिलाई व्यापक गरियो जुन धार्मिक विश्वासको जगमा जात प्रथा उभिएको छ। यसको अस्तित्वको समाप्तिबिना जातपात तोड्न सम्भव छैन।

राज्यले भाषाको कारणले पनि विभेद गरेको छ। आफू जन्मँदा घरपरिवारमा बोल्ने भाषालाई नियन्त्रण नै गरेर अन्य भाषालाई पठनपाठनको पाठ्यक्रम नै बनेन अर्थात् अन्य भाषाहरू निषेध भए । शासक जातिले अन्य मातृभाषा बोल्नेहरूको जिब्रो काट्यो, शासकहरूकै भाषा, संस्कार चालचलनहरू नै बोल्नुपर्ने र गर्नैपर्ने बाध्यकारी दमन नीतिका कारण असङ्ख्य मात्रामा भाषाको नाश गराइयो । जहाँ भाषामा नै अङ्कुश लगाइन्छ वा प्रतिकूल वातावरण बनाइन्छ त्यहाँ कसरी त्यो जातको प्रगति हुन्छ ? अर्काको वा दोस्रो भाषामा हुने र गरिने शिक्षा नीतिले लेख्न, पढ्न मात्र हैन, सबै क्षेत्रमा यसको असर पर्दछ। राज्यको नीति निर्माता त भइएन, निर्माण भइसकेपछि कार्यान्वयन तथा सञ्चालनमा पनि भाषाभेदकै कारण समस्याहरू बल्झिरहेका छन् । अर्थात् एक शब्दमा भन्ने हो भने भाषावाट उपेक्षा भएपछि सबै सामाजिक कामहरू प्रभावित हुन्छ। यसको निकास भनेकै बहुभाषा शिक्षाप्रणाली र स्वेच्छिक भाषामै राज्यको सबै तह र तप्कामा मातृभाषाबाटै सबै काम चल्ने नीतिको व्यापक परिचालन र प्रयोगमा राज्यले सञ्चालन गर्नुपर्दछ। भाषाका बारेमा क. स्टालिनले भनेका छन्, 'चाहे अति पिछडिएको नै भए पनि एउटा सिङ्गो मानव समाजको आफ्नो बोलाइको भाषा नभएको कुरा इतिहास नै जान्दैन। आदिम वंश होस् वा भनौँ विगत शताब्दीका अस्ट्रेलियालीहरू वा टियराडेल फ्युगेल्सभन्दा झन् आदिम भए पनि कुनै पिछडिएको वंशसित आफ्नो बोलाइको भाषा नभएको कुरा जाति विज्ञान (Ethnography) मा कहीँ पाइँदैन ।' हो, हरेक जात र समुदायको आआफ्नो भाषा हुन्छ। त्यो भाषाको संरक्षण गर्ने, वृद्धि र विकामा प्रोत्साहन गर्नुको उल्टो त्यही भाषाकै कारण राज्यले भेद गर्दछ।

चालचलन तथा संस्कारमा पनि राज्यले जबरजस्ती आफ्नो नीति लादेको छ। केही जात र समुदायमा गाईगोरुको मासु खाने चलन छ तर राज्यले हिन्दु धर्मअनुसार पुज्ने गरेको गाईको मासु खानेमाथि कारबाही गर्ने कानुन बनायो र आफैँले पालेको पशुभन्दा निच भएर जेल सजाय भोग्न बाध्य बनाए। राष्ट्रिय जनावर गाई नै किन बनाइयो ? भैँसी, बाख्रा, कुकुर, बिरालो घरपालुवा जनावर छोडेर गाई नै बनाउनुको कारण व्याख्या र परिभाषामा जेजता लगाएर फूलबुट्टा भरे पनि अन्ततः हिन्दुधर्ममा गरिएको गाईको अर्थ र महत्वअनुसार नै राष्ट्रिय जनावर गाई भयो । सार्वभौम जनताकै विषयलाई हेर्ने हो भने पनि बहुदलीय व्यवस्थामा एउटा राप्रपा दलको चुनावचिह्न र धर्मनिरपेक्ष राष्ट्रमा एउटा धर्मले मान्दै र पुज्दै गरेको गाई विवादित हुँदाहुँदै राष्ट्रिय जनावर घोषणा भयो । विकल्पमा राष्ट्रिय जनावरका लागि अति बहुमूल्य कस्तुरी, दुर्लभ जनावर एकसिङ्गे गैँडा किन भएनन् त राष्ट्रिय जनावर ? यसमा सब ब्राह्मणवादी उच्च अहंकारवाद नै हाबी भएको हो। केही जातिहरूमा फुपूचेला, मामाचेली र केहीमा मामाचेला, फुपूचेलीमा विवाह गर्ने परम्परा पनि छ तर यसैलाई हाडनाता भनेर वञ्चित गरियो । हुनत यो विवाह जेनेटिक रूपमा राम्रो नहोला तर यसको वैज्ञानिक कारणभन्दा पनि शासक जातिको नियन्त्रण नै हो। प्रायजसो दलित जनजातिको जन्म, मृत्यु, विवाह तथा सबैखाले भेटभोजमा घरपाला जाँडरक्सीको अनिवार्य प्रयोग छ तर राज्यले केमिकलमिश्रित महँगो जाँडरक्सी किन्न बाध्य बनाउन परम्परागत रूपमा बनाउदै आएको जाँडरक्सीलाई अवैध भन्दै राज्यले राज्य आतङ्क नै फैलाएको छ। प्रायजसो जनजातिहरू जङ्गलको नजिक बस्दै आएको र राज्यभन्दा टाढा भएकाले जग्गाजमिन भोगचलन गर्दै आए पनि आफ्नो नाममा पास गर्न छुटेका कारण अहिले जङ्गल अतिक्रमणको आरोपमा सुकुमबासी बनाइँदैछन् । व्यक्तिका नाममा पास भएका जग्गाजमिनहरूमा वन्यजन्तु आरक्षण गर्ने निहुँमा हजारौँ बस्तीहरू उठाएर वा जङ्गली जनावरभन्दा पनि तल्लो दर्जामा उपेक्षा गरिएको छ । फटाहा तस्करहरूले गरेको चोर सिकारीको आरोपमा कयौँ जनजातिलाई बन्दी बनाइएको छ। अबको निकास के भन्ने सवालमा मार्क्स एङ्गेल्सको कम्युनिस्ट पार्टीमा उल्लिखित विचार राख्दा सान्दर्भिक होला : 'जुन अनुपातमा एक व्यक्तिद्वारा शोषणको अन्त्य हुन्छ त्यही अनुपातमा एक जातिद्वारा अर्को जातिको शोषणको पनि अन्त्य हुनेछ । जुन अनुपातमा जातिभित्र वर्गहरूबीचको वैरभाव बिलाउँछ त्यही अनुपातमा एक जातिप्रति अर्को जातिको शत्रुता पनि अन्त्य हुन्छ ।' त्यसैले जुन प्रकारले शासक जातिहरूले धर्म, भाषा, संस्कार, चालचलन तथा वर्गीय रूपमा भएका राज्य व्यवस्थादेखिकै सबैखाले विभेदको अन्त्यका लागि एउटा आन्दोलनको आवश्यकता पर्दछ। त्यो नै त्यस्तो आन्दोलन होस्, यो मानवजीवन रहँदासम्म जातका विषयमा कहिल्यै अन्यायमा पर्‍यौँ भनेर रुन नपरोस्।

अब हामीलाई के थाहाँ भयो भने क.लेनिनले भन्नु भए जस्तै 'यसरी जातीय समस्या कुनै राज्यविशेषको आन्तरिक समस्या नरहीकन अब एक सामान्य तथा अन्तर्राष्ट्रिय समस्या बनेको छ।' सवैखालका विभेदका अन्त्य र समान न्यायका लागि राज्यसत्ताकै आवश्यकता हुन्छ। अब यही प्रश्न उठ्छ : शोषित वर्गले कुन उपायबाट राज्यसत्ता कब्जा गर्न सक्तछ ? कतिपय शोषित वर्गका उद्धारक भनाउँदाहरू शान्तिपूर्ण बाटोको राग गाउँछन् र के भन्छन् भने क्रान्तिको बाटो हिंसापूर्ण र अप्ठ्यारो छ। जनताले प्रतिनिधि छान्न पाउने व्यवस्था भएका मुलुकमा शोषित जनताले संसद्‌मा आफ्नो पक्षको बहुमत बनाउन सक्छन् र यसरी सजिलै राज्यसत्ता हत्याउन सक्छन्। तर यो असम्भव कुरो हो। पुँजीपति र दलाल संसद्‌वादी संशोधनवादीहरूले शोषित जनतालाई सधैँ पुँजीवादी चुनावमा अल्मल्याइराख्न गरेको षड्यन्त्र हो । तथ्य के छ भने प्रतिनिधिसभा (संसद् वा जे भने पनि) दलाल, भ्रष्ट, शोषकको अनुहार छोप्ने पर्दा हो। एक त शोषित वर्गले शोषकहरूसँग चुनाव लडेर आफ्नो बहुमत प्राप्त गर्नै सक्तैन । अर्को कुरो यस्तो प्रतिनिधिसभालाई भङ्ग गरिदिन्छ । प्रतिनिभिसभा राज्यसत्ताको प्रयोग गरेर यस्तो प्रतिनिधिसभालाई भङ्ग गरिदिन्छ । प्रतिनिधिसभा राज्यसत्ता होइन । राज्यसत्ता भनेको त सशस्त्र फौज र अरू थुप्रै हाकिम भएको हिंसा गर्ने मेसिन हो। त्यसकारण शोषित वर्गले सत्ता कब्जा गर्न शासक वर्गविरुद्ध न्यायपूर्ण हिंसाको बाटोले नै जुध्नुपर्छ। दलाल संसदीय पुँजीवादीका प्रचारकका सिकार भएका धेरै मानिस हिंसाको कुरो गर्न डराउँछन् र क्रान्तिद्वारा सत्ता लिने कुरो खराब हो भन्ने भ्रम फिँजाउँछन्। वास्तवमा अर्कालाई नचुस्ने, पिरमर्का नपार्ने र गरिखाने जनता त्यसै कसैसँग लडाइँ गर्न चाहँदैनन् र यस्तो क्रान्ति पनि उनीहरूले रहर लागेर वा काम नपाएर गर्ने होइन । लडाइँको जरो नै दलाल संसदीय पुँजीवादीहरूको शोषण, दमन र उनीहरूले उत्पीडितहरूमाथि प्रयोग गरेको हिंसा हो । उत्पीडितहरूले संसारबाट उत्तरसाम्राज्यवाद, विस्तारवाद तथा दलाल पुँजीपतिहरूलाई निर्मूल पारेर वर्गविषमता, स्थायी शान्ति, दिगो विकास, स्वस्थ र समृद्ध मानवसमाज निर्माण गर्न सामाजिक दलाल पुँजीपति वर्गलाई जबरजस्ती सत्ताबाट फाल्नुपर्छ र वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नुपर्दछ।

*(लेखक मगर मुक्तिमोर्चा नेपालका महासचिव हुनुहुन्छ।)*

## देशव्यापी अभियानमा ...

क्रममा जनश्रम र जनसेवाका कामहरू पनि हुनेछन्। यो अवधिमा जनसत्ता गठन तथा विस्तार अभियान पनि अघि बढ्नेछ। यस्तै देशका विभिन्न ठाउँमा विकास निर्माणका नमुना कामहरू पनि सम्पन्न हुनेछन् । पार्टीमा पूर्णकालीन भएर काम गर्ने र परिवारलाई पनि पार्टी काममा लगाउने नेता, कार्यकर्ता, आर्थिक आय कमजोर भएका तथा आवासको व्यवस्था नभएकाहरूलाई आवासको बन्दोबस्त गर्ने कार्यक्रम नेकपाले अघि सारेको छ। यसअघि नै उक्त पार्टीले सल्लाहकार समितिका सचिव चित्रबहादुर आलेको आवास निर्माण गरेर यसको सुरुआत गरेको छ।

नेकपाका चारवटै कमान्डमा अभियान उद्घाटनका विभिन्न कार्यक्रम सम्पन्न भएका छन् । मध्यकेन्द्रीय कमान्डमा पर्ने उपत्यकामा भव्य रूपमा अभियान उद्घाटन गरिएको नेकपाको उपत्यका ब्युरोले जनाएको छ भने पश्चिम कमान्डको उद्घाटन कार्यक्रम पोखरामा सम्पन्न भएको छ। पोखरामा सम्पन्न कार्यक्रममा नेकपाका स्थायी समिति सदस्य विषमले आफ्नो पार्टीको कार्यदिशा जनतालाई बुझाउन र पार्टी सङ्गठन साँच्चै सुदृढ गर्नका लागि अभियान सञ्चालन गर्न लागिएको बताए । यस्तै सुदूरपश्चिमको कञ्चनपुरमा पनि अभियानको उद्घाटन एक समारोहका बीच गरिएको छ। यस्तै पूर्वी कमान्डमा पनि अभियानको उद्घाटन भव्य रूपमा गरिएको छ । अभियानमा सहभागी केन्द्रीय नेताहरूसमेत जनताका घरआँगनमा सङ्गठन निर्माणका लागि जानेछन्।

## पूर्वी कमान्डमा अभियानको भव्य उद्घाटन

नेपाल कम्युनिस्ट पार्टीको पूर्वी कमान्डले 'सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' को उद्घाटन कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ। भदौ १ गते शुक्रबार उक्त कमान्डअन्तर्गत पर्ने सिन्धुलीको हरिहरपुरगढी नगरपालिका २ झनझनेमा कार्यक्रम गरी अभियान उद्घाटन गरिएको छ। १ र २ नं. अभियान टिमको उक्त कार्यक्रम नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ । कार्यक्रममा केन्द्रीय सदस्य हितमान पनि उपस्थित थिए ।.कार्यक्रम सञ्चालन तीर्थ राईले गरेका थिए भने अध्यक्षता कुमारले र हरिकृष्णले स्वागत भाषण गरेका थिए । उक्त अभियानको उद्घाटन कार्यक्रममा प्रहरीले हस्तक्षेप गर्न खोजे पनि ठूलो सङ्ख्यामा नेकपाका कार्यकर्ता र जनताको उपस्थितिले गर्दा प्रहरीले हस्तक्षेप गर्न नसकेको नेकपाको पूर्वी कमान्ड कार्यालयले जनाएको छ । नेकपाका केन्द्रीय सदस्य तथा जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेलले हँसियाहथौडा अङ्कित झन्डा केन्द्रीय सदस्य हितमानलाई दिएर अभियान उद्घाटन गरेका थिए।

यस्तै ३ र ४ नं. टोलीले अभियानको उद्घाटन कार्यक्रम सप्तरीको सिसबारमा सम्पन्न गरेको छ । कार्यक्रम नेकपाका केन्द्रीय सदस्य निर्मलको प्रमुख आतिथ्यमा शशि राईको अध्यक्षता र प्रतीकको सञ्चालनमा सम्पन्न भएको हो । यसैगरी ६ नं. टोलीले अभियानको उद्घाटन कार्यक्रम मोरङको लेटाङमा सम्पन्न गरेको छ।

यसैगरी ६ नं. टोलीले अभियान उद्घाटन कार्यक्रम मोरङको लेटाङमा सम्पन्न गरेको छ । नेकपाका नेता पुष्करको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमको अध्यक्षता सङ्गीनले गरेका थिए भने सञ्चालन जोखिम र स्वागतभाषण प्रज्वलले गरेका थिए। यसैबीच नेकपाको पूर्वी कमान्डले अभियान सञ्चालनका लागि दिशानिर्देश गर्ने उद्देश्यले २५ बुँदे 'अभियान निर्देशिका २०७५ जारी गरेको छ।'

# विश्व कम्युनिस्ट आन्दोलनमा मार्क्सवादले सङ्घर्ष गर्दै आएका प्रवृत्तिहरू



धर्मेन्द्र बास्तोला

हाम्रो पार्टीभित्र (तत्कालीन नेकपा माओवादी-सं.) चलेको दुई लाइन सङ्घर्षलाई विभिन्न मानिसहरूले कहिलेमन्त्रीका लागि भागबन्डा नमिलेको कुरा, कहिले पदका लागि विवाद, कहिले गुटबन्दीको पराकाष्ठा भन्दै चित्रण गरेका छन् । यसप्रकारका आरोपहरू सुरुमा त पार्टीभन्दा बाहिरबाट आउने गरेका थिए, पत्रपत्रिका र सञ्चारमाध्यमहरूमा छाउने गरेको थियो,पछिपछि, समयको लामो अन्तरालमा यो पार्टीभित्र प्रवेश गरेको छ र पार्टीभित्रैबाटयसप्रकारको प्रचारबाजीमा बहकिन थालिएको छ । कहीँ त कतिसम्म भन्न थालिएकोछ भने यो अन्तरसङ्घर्ष भनेको पार्टी नेतृत्वका विरुद्ध पदप्रतिष्ठा नपाउनेहरूको कुराहो । यथार्थमा यी आरोपहरू सारमा त्यति फत्तुर छन् जति यी आरोपहरू थोपर्नेहरूकोदिमागमा यी विषयहरू जकडिएका छन् । तर वास्तविकता के हो भने हाम्रो पार्टीभित्रभएको अन्तरसङ्घर्ष यस जमानाको महान् बहस हो जो माओ त्सेतुङको समयमामहान् सर्वहारावादी सांस्कृतिक आन्दोलनको समयमा चलेको थियो । यो अन्तरविरोधकुनै कार्यविभाजन, कुनै मन्त्रीको भागबन्डा वा अन्य कुनै सुविधाका लागि कुरा नभएरसिङ्गो सर्वहारा क्रान्ति, देश र जनताको भविष्य, साम्राज्यवाद, विस्तारवाद, एकाधिकारपुँजीवादको अन्त्य र सर्वहारावर्गको अधिनायकत्वको स्थापनाको विषयमा केन्द्रित छ ।

हो, विषय केन्द्रित भएको पनि यही हो कि हामीले चाहेको पुरानो प्रतिक्रियावादीसत्तामा सुधार हो वा समाजको आमूल परिवर्तन ? अहिलेको अन्तरविरोध पार्टीको समग्रकार्यदिशा, तात्कालिक र दीर्घकालिक कार्यनीतिका विषयमा छ र नेपाली क्रान्ति,बुर्जुवा अधिनायकत्वको अन्त्य, सर्वहारा अधिनायकत्वको स्थापनाको विषयलाई केन्द्रमाराखेर भइरहेको छ र नेपालको इतिहासमा विगत ६ दसकका भीषण सङ्घर्षहरूभन्दाकैयौँ गुणा भीषण छ, महान् छ र यसले हाम्रो क्रान्तिकारी पार्टीभित्र विगत इतिहासमाभन्दा कैयौँ गुणा बलियो एकताको माग गर्छ, कैयौँ गुणा विशाल रूपान्तरणको मागगर्छ र अन्तरसङ्घर्षलाई व्यवस्थित र वैज्ञानिक बनाउने कुराको माग गर्दछ । यो कुरापनि स्पष्ट हुन आवश्यक छ- जब सारमा कार्यदिशाका बारेमा अन्तरसङ्घर्ष हुन्छ स्वाभाविक रूपमा त्यसको तात्कालिक कार्यनीतिका सन्दर्भमा सरकार, मन्त्री, पद,पहुँच, कार्यविभाजनलगायत विषयमा सङ्घर्ष केन्द्रित हुन पुग्छ । यो खानपानमारमाउने मुट्ठीभर नेताहरू र भोको पेट बस्नुपर्ने आमनेपाली जनताका बीचकोअन्तरविरोध पनि हो । त्यस्तै यो अन्तरविरोधको प्रश्न यो कुरासँग पनि जोडिएको हुन्छ- भावी सत्ता कुन वर्गले सञ्चालन गर्ने, सर्वहारावर्गले वा बुर्जुवा वर्गले, देशभक्तजनवादी शक्तिको संयुक्त मोर्चाले वा सामन्त दलाल र राष्ट्रघातीहरूले गठबन्धनले ?दुई लाइन सङ्घर्ष पार्टीजीवनको अनिवार्य सर्त हो । ऐतिहासिक अनुभवहरूतथा शिक्षाबाट यो कुरा स्पष्ट हुन्छ, हरेक समाजमा वा हरेक पार्टीमा वा हरेकआन्दोलनमा अन्तरविरोधहरू हुन्छन् र ती अन्तरविरोधहरूको समाधान पनि हुन्छ ।

त्यसकारण अन्तरविरोध पार्टीको जीवन हो, समाजको जीवन हो र आन्दोलनको जीवन हो । माओ त्सेतुङले अन्तरविरोधका बारेमा "दुई विश्वदृष्टिकोण, अन्तरविरोधकोसर्वव्यापकता, अन्तरविरोधको विशिष्टता, प्रधानअन्तरविरोध र अन्तरविरोधको प्रधान पक्ष,अन्तरविरोधमा विभिन्न पक्षहरूको एकता र सङ्घर्ष, अन्तरविरोधमा शत्रुताको स्थान गरीअन्तरविरोधका विषयमा स्पष्ट गर्नुभएको छ । समाजभित्र र बाहिर, पार्टीभित्र र बाहिरपनि तमाम प्रकारका अन्तरविरोधहरू पैदा भइरहेका हुन्छन् र ती अन्तरविरोधहरूलेनिश्चित वस्तुको वा निश्चित समाजको विकासमा प्रभाव पारिरहेका हुन्छन् । चिनियाँसमाजको सन्दर्भमा माओले त्यहाँको सामाजिक अन्तरविरोधको चर्चा गर्दै विशाल दसअन्तरसम्बन्धहरूका बारेमा लेख्नुभएको थियो । त्यसमा उहाँले भन्नुभएको थियो- चिनियाँसमाजका अन्तरविरोधहरू समाधान गर्न सामाजिक हिसाबले दसवटा अन्तरविरोधहरूमाध्यान दिनु आवश्यक छ र त्यसको समाधान गर्न आवश्यक छ ।

चिनियाँ समाजको सन्दर्भमा माओले समयको आवश्यकताअनुसार पैदा भएकाअन्तरविरोधहरूको समाधान दिनुभएको थियो । क्रान्तिको समयमा तीन नियम र आठनियमहरूको विकास गर्नुभयो, लेनिनले जस्तै विभिन्न विषयहरू स्पष्ट गर्न समयसमयमा कैयौँ दार्शनिक, वैचारिक एवम् राजनीतिक लेखहरू लेख्नुभयो । पार्टीलाईविचारको धागोमा एकताबद्ध गर्नुभयो । जनवादी सत्ता स्थापना भइसकेपछि माओले समाजका अन्तरसम्बन्ध परिवर्तन भएको देखाउनुभयो जसमा माओले भन्नुभएका दसअन्तरसम्बन्धहरू यसप्रकार थिए : १) उद्योग र कृषिबीचको अन्तरसम्बन्ध र ठूला तथा साना उद्योगहरूबीचको अन्तरसम्बन्ध, २) तटीय क्षेत्रका उद्योगहरू र भित्री क्षेत्रका उद्योगहरूको बीचको अन्तरसम्बन्ध, ३) आर्थिक निर्माण तथा रक्षा निर्माणबीचको अन्तरसम्बन्ध, ४) राज्य, समूह तथा व्यक्ति उत्पादन समूहबीचको अन्तरसम्बन्ध, ५)केन्द्र र क्षेत्रको बीचको अन्तरसम्बन्ध, ६) हान जाति र अल्पसङ्ख्यक जातिहरूबीचको अन्तरसम्बन्ध, ७) पार्टी तथा गैरपार्टी सदस्यहरूबीचको अन्तरसम्बन्ध, ८) क्रान्तिकारीर प्रतिक्रान्तिकारीबीचको अन्तरसङ्घर्ष, ९) सही र गलतबीचको अन्तरसम्बन्ध र१०) चीन र अन्य मुलुकहरूबीचको सम्बन्ध । यसरी दस ठूला अन्तरसम्बन्ध अथवाअन्तरविरोधका बारेमा माओले स्पष्ट गर्नुभएको छ ।

विश्व कम्युनिस्ट आन्दोलन तथा क्रान्तिकारी आन्दोलनको इतिहासमा विभिन्नसमाजमा विभिन्न अन्तरविरोधहरू पैदा भए । यसप्रकारका अन्तरविरोधहरू मार्क्सदेखिमाओसम्मका समयमा र त्यसपछि क्रान्तिकारी आन्दोलन चलेका भारत, श्रीलङ्का,फिलिपिन्स, पेरू, टर्की, इरान, अमेरिका हुँदै हाम्रो पार्टीमा पनि देखापर्दै आएका छन् । मार्क्सको समयमा कम्युनिस्ट आन्दोलनमा अन्तरविरोध मार्क्सवाद रअराजकतावादका बीचमा थियो । मार्क्सकै समयमा मार्क्स र बाकुनिनबीच सङ्घर्ष चल्यो । यो सङ्घर्ष मार्क्सवाद र अराजकतावादका बीचको सङ्घर्षथियो । कार्ल मार्क्सले बाकुनिनको अराजकतावादी प्रवृत्तिसँग सङ्घर्ष गर्नुपरेकोथियो । अराजकतावादले सर्वहारावर्गको अधिनायकत्वमाथि विश्वास गर्दैन । जनताकोशक्तिमाथि विश्वास गर्दैन । यो प्रवृत्तिले समाजको परिवर्तनका लागि आवश्यकपर्ने सङ्गठित शक्तिमाथि पनि विश्वास गर्दैन । बाकुनिनको अराजकतावादीप्रवृत्तिले सर्वहारा अधिनायकत्वको प्रश्नलाई इन्कार गर्थ्यो र विश्वमा कुनै पनिप्रकारको राज्यको निषेध गर्नु तथा त्यसमा सर्वहारावर्गको भूमिका अस्वीकार गर्नुबाकुनिनको विशेषता थियो । बाकुनिनवादको अर्को विशेषता हो समाज परिवर्तनमाजनताको सङ्गठित शक्तिभन्दा प्रतिभाशाली व्यक्तिहरूको भूमिकालाई प्रधान मान्नु ।

बाकुनिनवादीहरू मान्दथे, प्रतिभाशाली व्यक्तिहरूको गुप्त क्रान्तिकारी सङ्गठनलेजनविद्रोहको नेतृत्व गर्दछ । केही प्रतिभाशाली तथा वीरहरूको भरोसामा क्रान्ति गर्नेबाकुनिनवादीहरूको विचारमा समाजमा जनताको विद्रोहबाट क्रान्ति सम्पन्न गर्नेभन्दायसप्रकारका व्यक्तिहरूको नेतृत्वमा तख्ता पलट गरेर नै क्रान्ति सम्पन्न हुन सक्छ ।यो प्रवृत्ति मार्क्सको समयमा बाकुनिनवादीहरूमा देखापरेको थियो । बाकुनिनको षड्यन्त्रमूलक तथा आतङ्की प्रकारको कार्यनीति मार्क्सवादी नीतिका विरुद्ध थियो रयो दुस्साहसवादी प्रकारको थियो । बाकुनिनले पहिलो अन्तर्राष्ट्रिय (सन् १८६४- सन्१८७६) मा घुसेर अन्तर्राष्ट्रियको केन्द्र कब्जा गर्न खोजेका थिए र मार्क्सका विरुद्धभीषण सङ्घर्ष छेडेका थिए । आफ्नो विघटनकारी हर्कतका कारण बाकुनिनलाईसन् १८७२ को हेग काङ्ग्रेसमा पहिलो अन्तर्राष्ट्रियबाट निष्कासन गरियो । पहिलो अन्तर्राष्ट्रियको विघटनको मुख्य कारण अराजकतावाद थियो ।कार्ल मार्क्सको सङ्घर्ष आफ्नो समयमा बाकुनिनसँग मात्र सीमित रहेन,उहाँले निम्न पुँजीवादी अराजकतावादी प्रुँधोसँग पनि सङ्घर्ष गर्नुपर्‍यो । प्रुँधो फ्रान्सिसी अराजकतावादी मार्क्सवाद विरोधी निम्न पुँजीवादी समाजवादी मत थियो ।

प्रुँधो पुँजीवादको कटु आलोचना गर्थे तर पुँजीवादको विकल्पमा पुँजीवादी उत्पादन पद्धति जसले अनिवार्य रूपमा गरिबी, असमानता तथा मेहनतकस श्रमजीवीवर्गकोशोषण-उत्पीडन गर्छ त्यसको अन्त्य गर्ने नभईकन त्यसमा रहेका कमीकमजोरीहरू,त्यसमा रहेका दोषहरूको अन्त्य गर्न चाहन्थ्यो र पुँजीवादमा सुधारको कुरा गर्थ्यो ।

प्रुँधोको विचारमा ससाना औद्योगिक प्रतिष्ठानहरूको विकास गर्नुपर्छ जहाँ जनताकोसहभागिता बनोस् । उनले सार्वजनिक तथा विनिमय बैङ्क स्थापना गर्ने कुरागरेका थिए । बाकुनिनमा जस्तै सर्वहारावर्गको ऐतिहासिक भूमिकाको अर्थ प्रुँधोकोदिमागमा पर्न सक्दैनथ्यो । त्यसकारण वर्गसङ्घर्ष, सर्वहारा क्रान्ति तथा सर्वहाराअधिनायकत्वप्रति प्रुँधोको धारणा नकारात्मक थियो । प्रुँधोले अराजकतावादी दृष्टिकोणबाट राज्यको आवश्यकताको पनि इन्कारगर्थे । प्रथम अन्तर्राष्ट्रियमा आफ्नो दृष्टिकोण थोपर्न खोजेकोमा मार्क्स-एङ्गेल्सलेनिरन्तर विरोध गर्नुभयो । प्रुँधोवादका विरुद्धको सङ्घर्ष प्रथम अन्तर ष्ट्रियमामार्क्सवादको विजयसँगै सम्पन्न भएको थियो ।

बर्नस्टिन समाजवादी आन्दोलनमा एउटा मार्क्सवादविरोधी धारा हो । यो प्रवृत्ति १९ औँ शताब्दीको अन्त्यमा पैदा भयो र यसका जन्मदाता संशोधनवादीविचारक एड्बर्ड बर्नस्टिन थिए । आलोचनाको स्वतन्त्रताबारे धारावाहिक लेखमार्फतक्रान्तिकारी दार्शनिक, आर्थिक तथा राजनीतिक आधारभूत मान्यताहरूमा संशोधनगर्ने काम बर्नस्टिनले गरेका थिए । यसबाट उनले वर्गका बीचको अन्तर्द्वन्द्व घटाउने,वर्गहरूका बीच समन्वय स्थापना गर्ने वर्गसहयोगको बुर्जुवा सिद्धान्तको प्रतिपादनगरेका थिए । जर्मनीको सामाजिक जनवादी खेमा तथा दोस्रो अन्तर्राष्ट्रियभित्रकाअवसरवादी तत्वहरूले बर्नस्टिनका विचारको समर्थन गरेका थिए ।समाजवादी पार्टीहरूको अन्तर्राष्ट्रिय सङ्गठन दोस्रो अन्तर्राष्ट्रिय (सन्१८९८-सन् १९१४) एङ्गेल्सको नेतृत्वमा सन् १८८९ गठन भएको थियो । यो अन्तर ष्ट्रियले मूलतः मार्क्सवादको प्रचार तथा अन्तर्राष्ट्रिय स्तरमा मजदुर पार्टीहरूकोबीचमा सम्पर्क स्थापना गरेको थियो । सन् १८९५ मा एङ्गेल्सको मृत्युपछि योअन्तर्राष्ट्रियमा दक्षिणपन्थी अवसरवादी प्रवृत्तिले तीव्रता पायो । साम्राज्यवादी युगकोविकासका साथसाथै त्यही प्रवृत्तिले अन्तर्राष्ट्रियमा बोलावाला कायम गर्न थाल्यो ।

यो प्रवृत्तिका विरुद्धमा क्रान्तिकारी शक्ति उभिएको थियो जसमा रुसको बोल्सेभिकपार्टी र त्यसको नेता लेनिन हुनुहुन्थ्यो । पहिलो विश्वयुद्ध सुरु हुँदा दोस्रो अन्तर्राष्ट्रियका नेताहरूले आफ्नो देशका बुर्जुवा सरकारको पक्ष लिन खोजे जो दोस्रोअन्तर्राष्ट्रियमा भएका निर्णयको विरोधमा थियो । यसको परिणाम दोस्रो अन्तर्राष्ट्रियतुरुन्तै छिन्नभिन्न हुन पुग्यो । अन्ततः सन् १९१४ मा यसको विघटन भयो । लेनिनले भन्नुभयो, "दोस्रो अन्तर ष्ट्रियका धेरैजसो नेताहरूले समाजवादप्रतिगद्दारी गरे र उनीहरूले यो अन्तर्राष्ट्रियप्रतिको राजनीतिक एवम् वैचारिकदिवालियापनको परिचय दिए । यसप्रकारको पतनभित्रको मुख्य कारण उनीहरूभित्ररहेको निम्नपुँजीवादी अवसरवादको गहिरो प्रभाव थियो जसको बुर्जुवा स्वरूप रखतराका बारेमा सबै देशका क्रान्तिकारी तथा सर्वहारावर्गका श्रेष्ठतम प्रतिनिधिहरूलेइङ्गित गर्दै आएका थिए । समाजवादी क्रान्ति इन्कार गर्दै र त्यसको स्थानमा बुर्जुवासुधारवाद राख्दै वर्गसङ्घर्ष र खास परिस्थितिमा गृहयुद्धको अनिवार्य आवश्यकताकोइन्कार गर्दै तथा वर्गसहयोगको प्रचारबाजी गर्दै, देशभक्ति तथा पितृभूमि रक्षाकानाममा बुर्जुवा अन्धराष्ट्रवादको प्रचार गर्दै श्रमजीवीवर्गको कुनै देश हुँदैन भन्नेकम्युनिस्ट घोषणापत्रद्वारा धेरै पहिले स्थापित आधारभूत तथ्यको उपेक्षा तथा अवज्ञागर्दै सैन्यवादका विरुद्धको सङ्घर्ष तथा सबै देशका बुर्जुवावर्गका विरुद्ध सबै देशकासर्वहारावर्गको सङ्घर्षको आवश्यकतालाई स्वीकार गर्नुको सट्टा आफूलाई भावनात्मककूपमण्डुकीय दृष्टिकोणमा सीमित राख्दै, बुर्जुवा संसद्वादको तथा बुर्जुवा कानुनकोआवश्यक उपयोगको जडपुर्जामा परिणत गर्दै, सङ्कटको अवस्थामा सङ्गठन तथाआन्दोलनको गैरकानुनी रूपहरूको अनिवार्य आवश्यकता बिर्सिएर अवसरवादीहरूलेलामो समयदेखि दोस्रो अन्तर्राष्ट्रियको पतनको तयारी गरिरहेको थियो ।'

मार्क्स, एङ्गेल्स र लेनिनको समयमा देखिएका प्रवृत्तिहरू चिनियाँ कम्युनिस्टआन्दोलनमा पनि भिन्न तर विकसित प्रकारले देखापरेका थिए । चिनियाँ कम्युनिस्टपार्टीको स्थापनाकालदेखि केही वर्षसम्म तुलनात्मक रूपमा पार्टी ठीकठीक किसिमलेचलेको थियो । त्यसपछि पार्टीले जडसूत्रवाद, वामपन्थी उग्रवाद तथा दक्षिणपन्थीअवसरवादका विरुद्ध तीव्र सङ्घर्ष गर्‍यो । चिनियाँ कम्युनिस्ट पार्टीकोस्थापना सन् १९२१ देखि सन् १९७१ करिब५० वर्षको इतिहासमा पार्टीको कार्यदिशा के हुने भन्ने प्रश्नलाई केन्द्रमा राखेर १०वटा भीषण अन्तरसङ्घर्षहरू चलेका थिए । यी दस अन्तरसङ्घर्षमा केही मानिसहरूचिनियाँ पार्टीमा फुट तथा विभाजन पैदा गर्न चाहन्थे तर पार्टीमा माओ त्सेतुङकोनेतृत्व भएका कारण फुट तथा विभाजन ल्याउन कोही पनि सफल भएनन् । त्यतिविशाल चीन, त्यति विशाल पार्टी, त्यति ठूलो आन्दोलन तर पनि त्यहाँ एउटैपार्टी रहन सक्नु, पार्टीमा फुट पैदा गर्ने हर्कतहरू सफल हुन नसक्नु यो आफैँमाएउटा अध्ययनको विषय हो । त्यसको तात्पर्य माओले भन्नुभएको छ पार्टी, पार्टीकार्यकर्ता, जनता तथा देशले फुट तथा विभाजन रुचाएको हुँदैन । माओले भन्नुभएकोथियो– जनताका लागि पार्टी उसको भविष्यको सुन्दर सपना हो ।

चिनियाँ इतिहासमा पहिलो सङ्घर्ष छन त्युस्युको दक्षिणपन्थी अवसरवादकाविरुद्ध चलेको थियो । पार्टीको स्थापनादेखि पूर्वी यात्रा (सन् १९२१ देखि सन् १९२७)सम्म मार्क्सवादको खोल ओढेको छन त्युस्युको बुर्जुवा विचारका बाबजुद पार्टी मूलतःठीक किसिमले चलेको भान हुन्थ्यो । छन त्यु स्युको राजनीतिक उद्गम विदेशीसामाजिक जनवाद थियो जुन वैचारिक आधारको कारण सन् १९२१ देखि सन्१९२७ सम्मको अवधिमा छन त्युस्युमा तमाम कमीकमजोरी रहे । त्यसबेलाको चिनियाँकम्युनिस्ट पार्टीको मुख्य नेतृत्वमा छन त्युस्युमा भएका तमाम कमीकमजोरीका विरुद्धसङ्घर्ष गरियो जसबाट छन त्युस्युका गलत विचारहरू परास्त भए । सन् १९२७ मासम्पन्न सातौँ अधिवेशनपछि छन त्युस्युले ल्यु झेन-चिङ, पेङ सु-चिहसहित मिलेरलेनिनवादी वामपन्थी समूह गठन गरे । यो समूहले त्यतिबेला पार्टीमा विभाजनकोसपना देखेको थियो तर त्यो समूह सफल हुन सकेन ।

दोस्रो सङ्घर्ष चुचुपाईसँग भयो जसले चिनियाँ कम्युनिस्ट आन्दोलनमाकमजोरीहरू गरेका थिए । चुचुपाईले हुनान क्षेत्रमा माओको 'राजनीतिक सत्ताबन्दुकको नालबाट जन्मन्छ' भन्ने नाराका विरुद्ध प्रचारबाजी गर्न थाले । उनीहरूलेमाओका विरुद्ध कारबाहीको हर्कत गरे र उहाँलाई वैकल्पिक पोलिटव्युरो सदस्यबाटहटाइदिए । पछि चुचुपाई कोमिन्ताङबाट गिरफ्तार भए । त्यतिबेला उनले जेलमाआत्मसमर्पणको पत्र लेखे र प्रतिक्रियावादी शिविरमा प्रवेश गरे ।तेस्रो सङ्घर्ष लिलिसानसँग चल्यो । सन् १९२८ को पार्टीको छैटौँ महाधिवेशनपछिलिलिसानले निहँ खोज्न थाले । सन् १९३० सम्म उनले आफ्नो लि-सान कार्यदिशापक्रन थाले जसमा मूलतः सहरी इलाकाहरू कब्जा गर्ने नीति रहेको थियो । उनलेसहरी इलाकामा आक्रमण गर्ने र कमसेकम एउटा वा केही प्रोभिन्सहरूमा विजयहासिल गर्ने कार्यनीति बनाएका थिए । यो कार्यनीतिप्रति माओ त्से तुङ सहमतहुनुभएन । अन्तरसङ्घर्षको दौरानमा छैटौँ केन्द्रीय समितिको तेस्रो विस्तारित बैठकमालिलिसानको कार्यदिशा पराजित भयो र उनी पछारिए ।सन् १९३० देखि ३१ सम्म लो चाङ लुङको दक्षिणपन्थी कार्यदिशा हाबी हुनपुग्यो । यो चिनियाँ कम्युनिस्ट आन्दोलनमा देखापरेको चौथो लाइन सङ्घर्ष थियो । यो 'जनताका तीन सिद्धान्त' नामको कोमिन्ताङको युवा दस्ता थियो जसले पार्टीभित्रफुट पैदा गर्नका लागि अनेकौँ हर्कत गर्थ्यो ।

चिनियाँ कम्युनिस्ट आन्दोलनमा पाँचौँ अन्तरसङ्घर्ष वाङमिङसँग चल्यो । सन्१९२७ देखि १९३५ सम्म अथवा गृहयुद्धदेखि स्चुन्नी बैठकसम्म चिनियाँ पार्टीभित्रविभिन्न प्रकारका उग्रवामपन्थी भड्कावहरू देखापरे । त्यसमा सन् १९३४ देखिसन् १९३५ सम्मको सङ्घर्ष असाध्यै खराब प्रकारको थियो । त्यतिबेला अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा सोभियत युनियनमा डेबोरिन सम्प्रदायमा आधारितट्रट्स्कीवादका विरुद्धको सङ्घर्ष विजयमा पुगेको थियो । कोमिन्टर्नको नेतृत्वमाबुखारिन, पिकोभ र जिनोनेबहरू थिए र पूर्वी ब्युरोका प्रमुख तथा कुसिनेन थिए । त्यतिबेलाको चिनियाँ युवा समुदायमा रुसी कम्युनिस्ट आन्दोलनको तीव्र प्रभाव थियो ।रुसी क्रान्तिको अनुभव चिनियाँ समाजको परिवर्तनका लागि उपर्युक्त हुने विश्वासमस्कोका विश्वविद्यालयहरूमा अध्ययन गर्ने चिनियाँ युवाहरूमा थियो जसको कारणचिनियाँ समाजको वास्तविकताभन्दा बाहिर क्रान्तिको बाटो खोज्ने चिनियाँ युवाहरूमाउग्रवामपन्थी विचलनको रुझान देखिन्थ्यो । त्यतिबेला वाङमिङ (जसको वास्तविकनाम छेन साव यु थियो लगायत युवाहरूले आफूलाई तथाकथित २८, १ र २ (साढे अट्ठाईस) बोल्सेभिक भन्ने गर्थे, उनीहरूको प्रभाव चिनियाँ समाजमा गहिरो थियोर चीनमा उग्रवामपन्थी भड्कावको प्रभाव देखिन्थ्यो । तेस्रो अन्तर्राष्ट्रियको प्रभावकाकारण पार्टीभित्र कब्जा जमाउन सफल यो समूहसँग पूरा चार वर्षसम्म लाइन सङ्घर्षचलेको थियो । वाङमिङले छैटौँ केन्द्रीय समितिको चौथो विस्तारित बैठक साङ्घाईमाबोलाएका थिए र त्यहाँबाट एउटा पम्प्लेट छापिएको थियो जसमा 'चिनियाँ कम्युनिस्ट पार्टीको बृहत् बोल्सेभिकीकरणका लागि सङ्घर्ष गरौँ' भनिएको थियो । यो पम्प्लेटमा वामपन्थी नभएकोमा लिलिसानको आलोचना गरिएको थियो । सन् १९३१ देखि सन्१९३४ सम्म वाङमिङ पार्टीको मुख्य नेतृत्वमा रहे, यो अवधिमा उनले क्रान्तिका आधारक्षेत्रहरू समाप्त गरे । त्यो समयमा पार्टीभित्र माओ त्सेतुङको पकड कमजोर बनेकोथियो । सन् १९३५ को स्चुन्नी बैठकले वाङमिङका कमजोरीहरूलाई सच्यायो र त्यससमयदेखि उनको लाइन पतन भयो । यसप्रकारका प्रवृत्तिका विरुद्ध माओ त्सेतुङलेगहिरो र भीषण सङ्घर्ष गर्नुभएको थियो ।प्रथम र चौथो अग्रसेनाको बैठकपछि तय गरेको लम्बे अभियानको समयमाचाङ को ताओ पैदा भए र उनले छुट्टै केन्द्रको स्थापना गरी पार्टीमा फुट र विभाजनकोप्रयास गरे । यो पार्टीभित्र चलेको छैटौँ भीषण दुई लाइन सङ्घर्ष थियो । पार्टी विभाजनगर्ने चाङ को ताओको प्रयत्न सफल हुन सकेन । लम्बे अभियान सुरु हुनुभन्दा अगाडिलालसेनाको सङ्ख्या ३ लाख थियो । उत्तरसेन्सीमा पुग्दासम्म यो सङ्ख्या घटेरकेवल २५ हजार मात्र रह्यो । मध्यस्वायत्त क्षेत्रमा यो सङ्ख्या ८० हजार थियो ।

उत्तरी सेन्सीमा पुग्दा यो सङ्ख्या केवल ८ हजार बाँकी रह्यो । चाङ को ताओ उत्तरीसेन्सीमा जान चाहँदैनथे । त्यसकारण उनले पार्टीभित्र विभाजन रोजेका थिए । लम्बेअभियानमा जाने कि नजाने भन्ने विषय त्यतिबेलाको कार्यनीतिक प्रश्नमा दुई लाइनसङ्घर्ष चलेको थियो । माओले भन्नुभएको थियो, 'हामीले लम्बे अभियानमार्फतउत्तरीस्यान्सीमा पुग्दैनथ्यौं भने भित्री चीन क्षेत्र, उत्तरीचीन क्षेत्र, पूर्वीउत्तर चीनक्षेत्रमा कसरी पुग्न सक्थ्यौँ ? कसरी हामीले जापानविरोधी सैन्य मोर्चा निर्माण गर्नसक्थ्यौँ ? जब हामी उत्तरसेन्सीमा पुग्यौँ चाङ को ताओ भागे ।

चिनियाँ कम्युनिस्ट आन्दोलनको सातौँ दुई लाइन सङ्घर्ष देशव्यापी सत्ताकब्जा गरेपछि काओ काङ र झाओ सु सिहको समूहसँग चल्न पुग्यो । उनीहरूलेसत्ता प्राप्त भइसकेपछि पार्टी कब्जा गर्ने उद्देश्यले यो समूह बनाएका थिए तर उनीहरूसफल हुन सकेनन् । सन् १९५९ को लुसान अधिवेशनमा पेङ ते हुई विदेशी शक्तिको आडमापार्टी कब्जा गर्ने उद्देश्यबाट अन्तरसङ्घर्षमा अगाडि आए । यो चिनियाँ कम्युनिस्टआन्दोलनको आठौँ दुई लाइन सङ्घर्ष थियो । त्यतिबेला पेङ ते हुईको समूहमा हुवाङके चिङ, चाङ वेन तियन, चाउ सियाओ-चुलगायत पार्टीका केन्द्रीय सदस्यहरूथिए जसले पार्टीको विरोध गर्थे । उनीहरूले एउटा सैनिक क्लब गठन गरेका थिए तर त्यहाँ उनीहरूले सैनिक मामिलासम्बन्धी छलफल गर्दैनथे । त्यहाँ उनीहरूलेजनकम्युनको विरोधमा छलफल गर्थे र भन्ने गर्थे, 'जनकम्युनहरू छिटो गठनगरिएको छ' तथा 'हाम्रा उपलब्धिहरूले हाम्रा नोक्सानीहरूको पूर्ति गर्न सक्दैन ।'पेङ ते हुईले एउटा खुला पत्र लेखेका थिए । त्यो युद्धको घोषणा नै थियो । उनको योप्रयास पार्टीको सत्ता कब्जा गर्ने थियो ।पार्टीभित्रको नवौँ भीषण सङ्घर्ष ल्यु साओ चीका विरुद्ध चल्यो जसले पार्टीविभाजन गर्नका लागि निकै हर्कत गरेका थिए । ल्यु साओ ची पनि त्यो हर्कतमासफल हुन सकेनन् ।

चिनियाँ कम्युनिस्ट पार्टीको दसौँ अन्तरपार्टी सङ्घर्ष अथवा भीषण दुई लाइनसङ्घर्ष सन् १९७० को लुसान सम्मेलनमा भयो । यो नवौँ केन्द्रीय समितिको दोस्रोविस्तारित बैठक थियो । लुसानको यो सङ्घर्ष पहिलेका नौवटा अन्तरसङ्घर्षभन्दाबिल्कुल फरक थियो । पहिलेका दुई लाइन सङ्घर्षमा पार्टीमा कुनै न कुनै निष्कर्षनिकालिन्थ्यो र त्यहाँ प्रवृत्तिका विषयमा प्रस्टता हुन्थ्यो । तर यो सङ्घर्षमा त्यस्तोरहेन । यो बैठकमा उपाध्यक्ष लिन पियाओको केही बचाउ गरियो । उनीमाथि केहीजिम्मेवार रहेको भनी आलोचनासम्म गरियो । जस्तोसुकै स्थिति भए पनि र जेसुकैअवस्था भए पनि यतिबेला लिनको बचाउ गर्नु चिनियाँ कम्युनिस्ट पार्टीको आवश्यकताथियो र विगतका गल्तीहरूबाट पाठ सिक्दै, पार्टीको एकता बचाउँदै र बिरामीकोउपचार गर्नुभन्दा विराम लाग्नुबाट बचाउन कोसिस गर्नुपर्थ्यो ।


अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका शिक्षाहरूमा देखापर्छ जब सामाजिकजिम्मेवारी वहन गरिसकेको आन्दोलनमा फुट र विभाजन पैदा हुन्छ । त्यसको दुष्परिणामभयानक हुने गरेको छ । प्रथम अन्तर्राष्ट्रियमा भएको फुटले त्यो अन्तर्राष्ट्रियलाई फेरिएकीकृत गर्न सकेन, नयाँ अन्तर्राष्ट्रियको गठन गर्नुपर्‍यो । त्यही कुरा दोस्रो र तेस्रोअन्तर्राष्ट्रियको हकमा पनि सही साबित भएको छ । चिनियाँ कम्युनिस्ट आन्दोलनमाकम्युनिस्ट पार्टीको ५० वर्षको इतिहासमा फुटपरस्त तत्वहरूका विरुद्ध सङ्घर्षगरिएको छ र पार्टीको सही कार्यदिशाको बचाउका लागि, पार्टी, क्रान्ति र जनताकोभविष्यको सुनिश्चितताको बचाउका लागि पार्टीको एकतालाई बचाइएको छ ।

नेपालको कम्युनिस्ट आन्दोलनले पनि सामान्यतया अन्तर्राष्ट्रिय कम्युनिस्टआन्दोलनबाट र विशेषतः चिनियाँ कम्युनिस्ट आन्दोलनबाट गहिरो गरी पाठ सिक्नुपर्दछ । नेपाली कम्युनिस्ट आन्दोलन अन्तरविरोधले भरिएको छ । कम्युनिस्ट पार्टीको स्थापना भएको केही समयपछि नै अन्तरविरोधहरू देखिए जो विश्व कम्युनिस्टआन्दोलनमा देखापर्ने अन्तरविरोधहरूको एउटा अनिवार्य सर्त हो । अहिले पनि हामीलेनेपालमा देखापरेका अन्तरविरोधहरूलाई विभिन्न अन्तरविरोधको बीचबाट नै अध्ययनगर्नुपर्छ । जसरी विश्व कम्युनिस्ट आन्दोलनमा कुनै विशिष्ट समयमा विशिष्ट प्रकारकोअन्तरविरोधको समाधान गर्नुपर्ने हुन्थ्यो त्यसैगरी अहिले हामीले समाधान गर्नुपर्ने केही विशिष्टप्रकारका अन्तरविरोधहरू सतहमा देखिएका छन् । ती अन्तरविरोधहरूलाईनिम्नअनुसार लिन सकिन्छ :१) नेपाली क्रान्तिको सर्वहारा रणनीति र बुर्जवा तथा सुधारवादी मोर्चामा लड्नुपर्नेसङ्घर्षको कार्यनीतिबीचको अन्तरविरोध२) अहिलेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति र त्यसलाई बुझ्ने सन्दर्भमाअहिलेको सर्वहारावर्गको वैचारिक राजनीतिक दृष्टिकोणका बीचको अन्तरविरोध३) जनताको चाहना र सर्वहारा पार्टीको बाध्यता एवम् कमजोरीकाबीचकोअन्तरविरोध४)नेतारकार्यकर्ताहरू एवम् कार्यकर्ता र जनताबीचको अन्तरविरोध५) जनवादी संविधानसभा र त्यसमा प्रतिनिधित्व गर्ने सामन्ती तथा दलाल पुँजीवादीदलहरूबीचको अन्तरविरोध६) वस्तुगत

बाँकी पृष्ठ ७ मा

गताङ्कको बाँकी ...

# जनपक्षीय कला–साहित्य र सांस्कृतिक कार्य



खेम थपलिया

### ४. सांस्कृतिक क्रान्ति

सन् १९४९ अक्टोबर १ मा चीनमा नयाँ जनवादी गणतन्त्रको घोषणा भयो । सन् १९५१ मा निम्न तीन खराबी देखिएको कुरा माओले संश्लेषण गर्नुभयो : (क) भ्रष्टाचार (ख) बर्बादी (ग) नोकरशाही । सन् १९५२ मा निम्न पाँच खराबी देखिए : (क) निजी औद्योगिक प्रतिष्ठानहरूमा घुसखोरी (ख) कर छली (ग) राज्य सम्पत्तिको चोरी (घ) सरकारी ठेक्कापट्टामा ठगी (ङ) आर्थिक सूचनाको चोरी । सांस्कृतिक क्रान्तिको पूर्वसन्ध्यामा प्रदर्शित 'हाईजुईलाई पदबाट बर्खास्त गरियो' नामक नाटक विशेष स्मरणीय छ । सन् १९६१ म पेकिङका उपमेयर वु हानद्वारा लिखित सो नाटकले क्रान्ति विरोधी सारवस्तु बोकेको थियो । सो नाटकमा हाईजुई नाम पात्र खडा गरेर सन् १९५९ मा पेङ तेह हुई (रक्षामन्त्री) लाई बर्खास्त गर्नु गलत थियो भन्ने सन्देश दिन खोजिएको थियो । माओको निर्देशनमा कमरेड यावो वेन युवानले त्यो नाटकको आलोचना गरेर लेखसमेत लेखेका थिए । माओले बेइजिङको चोकमा गएर लेख्नुभयो- 'मुख्यालयमा बम वर्षा गर । ' यो कदम साङ्केतिक रूपमा ली शाओ ची र लिन पियाओतिर (दुई बुर्जुवा मुख्यालय) थियो । त्यसपछि केन्द्रीय समितिको सांस्कृतिक समूहले माओको उक्त घोषणालाई सही सावित गरेपछि 'पुँजीवादी मुख्यालयमा बम वर्षा गर' भन्ने नारा दिइयो । त्यसपछि ठूल-ठूला पोस्टर टाँसियो । त्यसमा लाखौँ युवा सहभागी भए । महान् सर्वहारा सांस्कृतिक क्रान्तिको मुख्य सिद्धान्त थियो- ' क्रान्तिको निशाना आफैँलाई बनाऊ । '

कतिपय सन्दर्भमा माओलाई आफ्नै पार्टीको पोलिटब्युरो सदस्यहरूले दिने गरेको प्रतिवेदनमा विश्वास हुँदैनथ्यो । जनताले के भनेका छन् ? के खाएका छन् ? उनीहरूको जीवनस्तर कस्तो छ ? भनेर उहाँ आफ्ना अङ्गरक्षकलाई जनताको घर पठाउने गर्नुहुन्थ्यो । सन् १९६० मा भोकमरीले चीनलाई लपेट्यो । माओका अङ्गरक्षक लि यिङ्किआओले गाउँका किसानहरूले खाने सुख्खा रोटी माओका लागि ल्याइदिए । त्यसलाई भाँचेर माओले मुखमा हाल्नुभयो । त्यो अति नै साऱ्हो थियो, चपाउन सक्नुभएन । उहाँको आँखाबाट बर्र आँसु झऱ्यो । माओले तत्काल पोलिटब्युरोको बैठक आह्वान गर्नुभयो । बैठकमा सबैलाई सोही रोटीको एक-एकवटा टुक्रा दिनुभयो । साऱ्हो भएकाले कसैले पनि चपाउन सकेनन् । माओले आफ्नै नेतृत्वमा २८ वर्षसम्म युद्ध लडेर ल्याएको व्यवस्थामा जनताको दयनीय अवस्थाको चित्रण गर्दै विरोध गर्नुभयो । अन्ततः उहाँले नारा दिनुभयो- 'विद्रोह गर्नु अधिकार हो । '

चिनियाँ कम्युनिस्ट पार्टीको 'केन्द्रीय समितिको परिपत्र (१६ मे, १९६६) र आठौँ केन्द्रीय समितिको ११ औँ पूर्ण बैठकले सन् १९६६ अगस्ट ८ मा पारित गरेको महान् सर्वहारा सांस्कृतिक क्रान्तिसम्बन्धी '१६ बुँदे निर्णय' लाई महान् सर्वहारा सांस्कृतिक क्रान्तिको घोषणापत्र मानिन्छ । महान् सर्वहारा सांस्कृतिक क्रान्ति विचार, भावना, आदत तथा संस्कारमाथि विजय प्राप्त गर्दै अघि बढ्ने तथा पुँजीवादको पुनर्स्थापना रोक्ने कार्य र संशोधनवादको मूलोच्छेदन गर्ने उद्देश्यमा आधारित सर्वहारावर्गको अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति जारी राख्ने सिद्धान्तमा आधारित राजनीतिक क्रान्ति हो । राजनीतिलाई शीर्षासनमा राख्नु, सयौँ फूल्हरूलाई फुल्न दिनु, लाल र निपुर्ण बन्नु, क्रान्तिकारी उत्तराधिकारी तयार पार्नुजस्ता यसका मान्यता हुन् । चीनमा पुँजीपतिवर्गलाई मिल्काइए तापनि शोषकवर्गले पुराना विचार, संस्कृति, चालचलन र बानी-व्यहोराहरूलाई प्रयोग गरेर जनसमुदायलाई शोषण गर्न, तिनीहरूमा भ्रम छर्न र सत्तामा फर्किन प्रयास गरिरहेका थिए । त्यहाँ समाजवादी सत्ताको सुनिश्चित गर्न र पुँजीवादी पुनर्स्थापना रोक्न राजनीतिक, आर्थिक, वैचारिक र सांस्कृतिक सबै मोर्चाहरूमा अन्तसम्म समाजवादी क्रान्तिलाई अघि बढाउनु आवश्यक भयो । एक वा दुई पुस्ताभित्र समाजवादको पूर्ण विजय हुन सक्दैन, यसको पूर्ण समाधान गर्न दस पुस्ता वा अझ धेरै पनि लाग्न सक्दछ भन्नेजस्ता आधार लिइएको थियो ।

एकीकृत जनक्रान्ति सफल पार्न महत्वपूर्ण हतियार सांस्कृतिक क्रान्ति सञ्चालन गर्नु पनि हो । पुराना आदतविरुद्ध लड्न आवश्यक छ । सांस्कृतिक क्रान्तिको उद्देश्य विश्व दृष्टिकोणको समस्या समाधान गर्नु हो । यसको अर्थ संशोधनवादको जरा उखेल्नु हो । क्रान्ति निरन्तर चलाउनुपर्दछ । महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको नामले परिचित छ । नेपालको जनयुद्ध राजनीतिक र सैनिक स्वरूपमा मात्र थिएन, त्यो सांस्कृतिक क्रान्ति पनि थियो । पुरानो विचारधारा, संस्कृति, चालचलन, बानीबेहोरा, साहित्य तथा कला, सामाजिक चिन्तन, धर्ममाथि क्रान्ति नै सांस्कृतिक क्रान्ति हो । जसले महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई मान्दैन, ऊ मालेमावादी हुनै सक्तैन । जो मालेमावादी हुन सक्तैन, ऊ कम्युनिस्ट पनि हुन सक्तैन । साथै, आलोचना-आत्मालोचना सांस्कृतिक क्रान्तिको एउटा विधि हो । माओ त्से तुङले उत्तराधिकारी-नेता बन्न आलोचना-आत्मालोचनाको गुण हुनुपर्नेमा कुरामा जोड गर्नुभएको पाइन्छ । उहाँको थप भनाइ छ, "सिर्जनात्मक आलोचनात्मक चेत भएका नेता तथा कार्यकर्ता पार्टीका अमूल्य पुँजी हुन् । "

### ५. सांस्कृतिक कार्य

जनपक्षीय फाँटमा सांस्कृतिक कार्यले विराट क्षेत्र ओगटेको छ । सांस्कृतिक आन्दोलन दीर्घकालीन युद्धमोर्चा हो । राजनीतिक आन्दोलनको दिशाअनुरूप नै सांस्कृतिक आन्दोलनको दिशा निर्दिष्ट हुन्छ । नेपालका क्रान्तिकारी लेखक, साहित्यकार तथा संस्कृतिकर्मीहरू नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक कार्यदिशा 'एकीकृत जनक्रान्ति' लाई आत्मसात् गरेका छन् । राजनीतिक रूपले जनताको प्रधान अन्तर्विरोध दलाल पुँजीवादसँग भएजस्तै क्रान्तिकारी संस्कृतिकर्मीहरूको प्रधान अन्तर्विरोध पनि दलाल पुँजीवादी संस्कृतिसितै छ । हाम्रो प्रहारको निशाना पनि त्यही हो । सांस्कृतिक पल्टनको राजनीतिक सेनापति कम्युनिस्ट-सर्वहारावर्गको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टी हो भने वैचारिक सेनापति मार्क्सवाद-लेनिनवाद-माओवाद हो । त्यसको राजनीतिक कार्यदिशा एकीकृत जनक्रान्ति हो । राष्ट्रिय, जनवादी तथा वैज्ञानिक संस्कृतिको पक्षपोषण गर्दै सिर्जनात्मक रूपमा ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादको आधारमा वैज्ञानिक संस्कृतिको पक्षमा प्रचारात्मक तथा क्रियात्मक आन्दोलनलाई अगाडि बढाउनु सांस्कृतिक क्षेत्रको महत्वपूर्ण कार्य हो । जनपक्षीय सांस्कृतिक मूल्यबोधलाई ऐतिहासिक द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, वैज्ञानिक समाजवाद-साम्यवादको उदात्त आदर्शसित जोडेर विकास गर्नुपर्दछ । सांस्कृतिक आदर्शलाई केन्द्रमा राख्दै मुक्तिका निम्ति जीवनोत्सर्ग गर्ने सहिदहरू, बेपत्ता योद्धाहरू र घाइते अपाङ्गका त्याग, वीरता र बलिदानका उत्कृष्ट कीर्तिमान सांस्कृतिक आदर्शले ज्ञान, सिर्जना, शिल्प, चिन्तन र जीवनशैलीमा प्रगति र स्तरीकरणको पहलकदमी बढाउनु यो क्षेत्रको अर्को महत्वपूर्ण कार्य हो । भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवाद, सामाजिक दलाल पुँजीवाद, उपभोक्तावाद, उत्तर-आधुनिकतावादको व्यापक भण्डाफोर गर्नु सांस्कृतिक कार्य हो । जनसङ्घर्ष तथा विद्रोहद्वारा स्थापित मूल्यहरू समग्र समाजको संस्कार बन्नका लागि निश्चित समय र प्रयत्नको आवश्यकता पर्दछ तर जनयुद्धले स्थापित गरेका मूल्यहरू संस्कारगत चरणमा प्रवेश नगर्दै प्रतिक्रान्ति भयो । सांस्कृतिक क्षेत्रमा भएका गम्भीर विचलन र प्रतिक्रान्तिको समीक्षात्मक अध्ययन यो क्षेत्रको अर्को कार्य हो ।

जनयुद्ध दिवस (फागुन १), सहिद सप्ताह (फागुन १४-२१), सांस्कृतिक प्रतिरोध दिवस (चैत ५), सांस्कृतिक बलिदान दिवस (जेठ १३), किसान दिवस (असार ६), युद्धका विभिन्न मोर्चा, विभिन्न महत्वपूर्ण नेताको कार्यक्षेत्र, जन्म, बलिदानसित जोडिएका क्षेत्रहरू, पार्टी स्थापना दिवस, अन्तर्राष्ट्रिय नारी दिवस, अन्तर्राष्ट्रिय मजदुर दिवसलगायतलाई पुँजीकृत गर्दै जानु सांस्कृतिक क्षेत्रको कार्य हो । सामन्ती संस्कृतिका विरुद्धमा जनतालाई अपील गर्नु, त्यो चेतनालाई परिवर्तन गरेर प्रगतिशिलीकरण गर्न आफ्ना सिर्जनाहरूलाई केन्द्रित गर्नु, मानवजातिको मुक्ति सम्भव छ भन्दै वैज्ञानिक समाजवादी लक्ष्यतिर आकर्षित र प्रशिक्षित गर्नु तथा समाजिक दलाल पुँजीवादी सत्ताप्रति चरम घृणा उब्जाउनु पनि सांस्कृतिक क्षेत्रको कार्य हो । कम्युनिस्ट भएर सामन्ती तथा पुँजीवादी कला-साहित्यको बढोत्तरीमा लाग्ने तर समाजवादी-यथार्थवादी कलालाई लात मार्ने कुराको सशक्त प्रतिवाद गर्नुपर्दछ । नेपाली सांस्कृतिक सुन्दरता, नेपालको विविधताभित्रबाट नेपालको सौन्दर्य मूल्य र सौन्दर्यदृष्टिलाई वैज्ञानिक परिभाषा गरेर त्यसलाई सिर्जनामा प्रयोग गर्नुपर्छ । प्रगतिशील स्रष्टाहरूलाई सङ्गठित गर्नु, संयुक्त मोर्चा बनाउनु, उनीहरूको प्रतिभाको परिष्कारका निम्ति वातावरण निर्माण गर्नु, प्रेरित र प्रोत्साहित गर्नु, वैचारिक रूपले माझ्नु, सङ्गठनात्मक अवस्थालाई बलियो बनाउनु र परिवर्तनका निम्ति सर्जकीय हस्तक्षेपसहित सङ्घर्षमा ओर्लनु, दलाल तथा प्रतिक्रियावादी सत्ताको तावेदारीविरुद्ध आन्दोलित हुनु र अग्रगामी निरन्तर प्रवाहमा हेलिनु सांस्कृतिक क्षेत्रको अर्को महत्वपूर्ण कार्य हो । प्रतिरोध गर्ने हिम्मतको अभावमा कैयौँ स्रष्टा स्वतन्त्रताको सपना देखेर पनि उदासीनता, आलस्य, निराशा र कुण्ठाको बाटो समाएका हुन्छन्, निर्जन विपत्तिका बीचमा पनि हामीले तिनलाई अगाडि बढाउनु पनि महतवपूर्ण जिम्मेवारीभित्र पर्दछ ।

पुरातन सांस्कृतिक आधारका विरुद्ध नयाँ तथा जनपक्षीय वैकल्पिक सांस्कृतिक आधार तयार पार्नु सांस्कृतिक कार्य हो । सचेतन पहलद्वारा वैकल्पिक संस्कृतिका आधार तयार पार्न सकिन्छ । सांस्कृतिक रूपान्तरण केन्द्रीय पक्ष हो, समयक्रमसँगै रूपान्तरण हुँदै गएर बन्ने विकल्प र सचेतन प्रयत्नद्वारा रूपान्तरण हुँदै निर्माण भएको नयाँ विकल्पका यसका आधारहरू हुने गर्दछ । हुन त नेपाली समाजका धेरै संस्कारहरू फेरिँदैछन् । नयाँ-नयाँ विकल्प तयार हुँदै जाँदा ती जनसंस्कृतिका महत्वपूर्ण आधार बन्छन् । महान् अक्टोबर क्रान्तिका नायक भीआई लेनिन र उनको घन्टाको प्रसङ्ग परम्परागत संस्कार र संस्कृतिको रूपान्तरणको एउटा राम्रो जनपक्षीय उदाहरण हो । २०११ सालमा लमजुङको दुराडाँडामा पण्डितहरूले हलो जोते, जो 'हलो क्रान्ति' को नामले प्रसिद्ध छ । पछि त्यसवरिपरि क्षेत्रका अन्य ब्राह्मणहरूले पनि हलो जोत्न सुरु गरे ।

नेपालमा सयभन्दा बढी जातजाति, धर्म सम्प्रदाय, भेषभूषालगायत समग्र पक्षको विशेष अध्ययन गरेर तिनलाई संरक्षण गर्नुपर्ने, परिमार्जन र परिष्कार गर्नुपर्ने तथा हटाउनुपर्ने गरी तीन श्रेणीमा विभाजन गर्नुपर्दछ । त्यसरी विभाजन गरेपछि सोहीअनुसार प्रयोगमा लैजाँदा परम्परागत संस्कार-संस्कृतिको विकल्प तयार हुँदै जान्छ । संस्कार संस्कृतिसम्बन्धी निर्णायक अधिकार प्रयोग गर्ने निकाय, सांस्कृतिक रूपान्तरणसम्बन्धी सरोकार राख्ने व्यक्ति वा सङ्घ-संस्थाहरूले तिनीहरूसित छलफल गरी निश्चित धारणा बनाउँदै जाँदा राज्यस्तरमा एक चरणको विकल्प दिन सकिन्छ । घरपरिवार, शिक्षक-शिक्षिका, तिनको पठनपाठनले पनि सांस्कृतिक रूपान्तरणमा निकै ठूलो महत्व राख्ने गर्दछ । यस्ता विषयलाई पाठ्यपुस्तकमा समेत समावेश गर्नाले जनसंस्कृतिको विकासमा सकारात्मक प्रभाव पार्छ । जनयुद्धले जनपक्षीय संस्कृतिको विकासमा सकारात्मक भूमिका खेलेकै थियो । त्यतिखेर दसैँ, तिहार, तीजजस्ता परम्परागत चाड पर्व, संस्कार संस्कृतिका विकल्पमा नयाँ चेतना फैलाइएको थियो । ती महान् प्रक्रियामा तयार हुँदै गएका जनसांस्कृतिक मूल्यलाई विस्मृतिमा जान नदिन तथा तिनको सार्वभौम मूल्यलाई पुँजीकृत गर्नु पनि सांस्कृतिक क्षेत्रको महत्वपूर्ण कार्य हो ।

विचार, आस्था वा भावनासित जोडिएका कुनै पनि स्थानमा पुग्नु वा व्यक्तिसित भेटघाट हुनु दृष्टिकोण निर्माणसित सम्बन्धित कुरा पनि हो । आज संसारभरका मानिसहरू मार्क्स, लेनिन, माओजस्ता उच्च व्यक्तित्वहरू जन्मेको ठाउँमा पुगिरहेका छन्, उच्च सम्मान व्यक्त गरिरहेका छन् । नेपालमा पुष्पलाल जन्मेको स्थान, जनयुद्धमा वीरता प्रदर्शन गरिएका स्थानहरू, तयारीका क्षेत्रहरू, बलिदानका स्थलहरू तथा गाउँहरूलाई सांस्कृतिक नमुना गाउँको स्वरूप दिनु, तिनलाई जनताका जीवनसित जोड्दै नयाँ संस्कृतिको विकास गर्नु पनि यो क्षत्रको महत्वपूर्ण कार्य हो । हामीले वैज्ञानिक समाजवादी राज्यसत्ताको कुरा गरिरहेका छौँ । यसका निम्ति उठान हुने वर्गसङ्घर्षको तीव्रतासँगै परम्परागत संस्कार-संस्कृतिका पर्खालहरू भत्कँदै जान्छन् । नेपाली समाजमा पेचिलो बन्दै आएको मृत्यु संस्कारलाई सरलीकरण गर्दै मृतकका असल कामको प्रशंसा गर्ने र समाजका लागि प्रेरणाको विषय बनाउन सकिन्छ । मृत्युसंस्कारसम्बन्धी पुरानो परम्पराका ठाउँमा नयाँ विकल्प दिई शोकमा पनि मानिसलाई धैर्य, साहस, उत्साह दिनाले पनि वैकल्पिक संस्कृतिको निर्माण हुँदै जान्छ ।

सांस्कृतिक रूपान्तरणमा स्कुलिङ महत्वपूर्ण हुने गर्दछ । जनपक्षीय संस्कार-संस्कृतिलाई जीवनमा उतार्ने प्रक्रियामा नयाँ-नयाँ विकल्पको विकास हुँदै जान्छन् । वर्गसङ्घर्षका क्रममा भएका वा हुने संवेदना, भावना र विचार सङ्केन्द्रित सांस्कृतिक मूल्यलाई संस्थागत विकास, विस्तार र प्रचार गर्दै जानु सांस्कृतिक क्षेत्रको कार्य हो । जनपक्षीय वैकल्पिक सांस्कृतिक अभियान चलाउँदै भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवाद तथा सांस्कृतिक बजारीकरणका विरुद्ध सङ्घर्ष गर्दै न्यु मिडियाको अधिकतम प्रयोग गर्नु पनि यो क्षेत्रको अर्को महत्वपूर्ण कार्य हो । आज अनसनमा पनि साम्राज्यवाद घुसेर आएको छ । अधिकारी दम्पत्ति र गोविन्द केसीको अनसन त्यसको दृष्टान्त हो । यस्ता क्रियाकलापको व्यापक भण्डाफोर गर्न आवश्यक हुन्छ । एकीकृत जनक्रान्तिले जनपक्षीय वैकल्पिक संस्कृतिमार्फत जनसंस्कृतिमा जोड दिएको छ । सांस्कृतिक क्षेत्रका महत्वपूर्ण कार्यको तीव्रतासँगै सांस्कृतिक लक्ष्य हासिल गर्न सकिन्छ ।

सिर्जनाका विभिन्न क्षेत्रमा तीब्रता ल्याउँदै आवश्यकताअनुसार सांस्कृतिक जनकारबाहीलाई पनि तीब्रता दिनु पनि सांस्कृतिक क्षेत्रको कार्य हो । टुप्पीदेखि पैतालासम्म सुधारवाद र संशोधनवादी भासमा फसेकाबाट नयाँ संस्कृति निर्माणको आशा, अपेक्षा तथा कल्पना गर्नै नसकिने हुँदा क्रान्तिकारी संस्कृतिको निर्माणका लागि क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्व अनिवार्य हुने कुरालाई व्यापक प्रचार गर्नुपर्दछ । माओले भन्नुभएको छ, "हरेक क्रान्तिका लागि दुई प्रकारका सेनाको आवश्यकता पर्छ । एउटा आधारभूत सेना, जसले मुख्य सङ्घर्षको नेतृत्व गरोस् र दोस्रो सांस्कृतिक सेना जसले मुख्य मोर्चालाई सहयोग गरोस् । " यसर्थ, माओले भन्नुभएजस्तै सांस्कृतिक सेनाको मर्मलाई आत्मसात् गर्दै जसरी जनयुद्धकालमा विश्वभर माओवादी जनयुद्धको प्रचार र कृष्ण सेन ' इच्छुक' को हत्याविरुद्ध प्रतिरोधी आवाज मुखरित भएएको थियो, त्यसैगरी समकालीन क्रान्तिकारी संस्कृतिकर्मीहरूको आवाजलाई भूमण्डलीकृत गर्नबाट टुटेको पछिल्लो अन्तर्राष्ट्रिय कडीलाई जोड्नु पनि जनपक्षीय सांस्कृतिक क्षेत्रको महत्वपूर्ण कार्य हो । हामीले यो जिम्मेवारी कुनै पनि मूल्यमा पूरा गर्नुको विकल्प छैन ।

### उपसंहार

हामीले जनपक्षीय कला-साहित्य र सांस्कृतिक आन्दोलनका विविध पक्षका विषयमा सामान्य छलफल गऱ्यौँ । यसै सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी र त्यसनिकट केन्द्रीय जनपरिषद्ले यसबारे कसरी सोचिरहेको छ भन्ने कुरा पनि महत्वपूर्ण हुन आउँछ । नेपाल कम्युनिस्ट पार्टीनिकट केन्द्रीय जनपरिषद्को सांस्कृतिक नीति यसप्रकार रहेको छ : विद्यमान दलाल संस्कृति र सामन्ती संस्कृतिका अवशेषहरूलाई जनवादी संस्कृतिमा बदल्ने र जनसंस्कृतिहरूको संरक्षण गर्ने हाम्रो नीति हुनेछ । तत्काल यसलाई निषेध, नियन्त्रण र नियमन गर्दै नयाँ जनवादी संस्कृतिमा रूपान्तरण गर्ने र जनसंस्कृतिहरूको संरक्षण र विकास यसको विधि हुनेछ । यसको उद्देश्य नेपालीहरूलाई सुसभ्य र सुसंस्कृत गर्ने नेपाललाई सांस्कृतिक हिसाबले समृद्ध नेपाल बनाउनु हुनेछ । त्यसैगरी, नेपाल कम्युनिस्ट पार्टीको सांस्कृतिक नीति यसप्रकार रहेको छ : (१) जनतामा थोपरिएको विभेद, उत्पीडन, दमनबाट जनतालाई मुक्त गर्दै मानव समाजलाई सभ्य, समान, उन्नत समाजवादी सभ्यतातर्फ अग्रसर गराउने संस्कृति निर्माण गरिनेछ । (२) आफ्नो देशको स्वाधीनता, स्वतन्त्रता, जनताको मुक्तिलाई व्यक्त गर्ने संस्कृतिको संरक्षण र विस्तार गरिनेछ । (३) हजारौँ र सयौँ वर्षदेखि जनताले सिर्जना गरेका जनसंस्कृति र आधुनिक युवा पुस्तासम्मले विकास गरेका जनताका संस्कृतिको संरक्षण र संवर्द्धन गरिनेछ । (४) जनताका मुक्तिका लागि जीवन समर्पित गर्ने राजनीतिज्ञ, सहिद, बेपत्ता, घाइते योद्धाहरूको त्याग, लगानी, मिहिनेतलाई स्थापित र विस्तार गर्ने संस्कृतिको विकास गरिनेछ । (५) सांस्कृतिक मोर्चाहरूमा कार्यरत कलाकार, लेखक, चलचित्रकर्मी, ललितकलाकर्मी, निर्माता आदिलाई संवर्द्धन र प्रोत्साहित गरिनेछ । (६) छाडा, अश्लील, पुँजीवादी, सामन्तवादी संस्कृतिको अन्त्य गरिनेछ । (७) श्रमप्रति माया र सम्मान गर्ने संस्कृतिको विकास गरिनेछ । जनपक्षीय कला, साहित्य तथा संस्कृतिको संरक्षण गरिनेछ । (८) विज्ञान, प्रविधि, समाजसेवामार्फत देशको प्रतिष्ठा र समृद्धिमा योगदान गर्ने नागरिक अगुवाहरूको सम्मान गर्ने संस्कृतिलाई प्रोत्साहित गरिनेछ । (९) जनताको त्याग, बलिदान र शौर्यबाट विकास भएको नयाँ यथार्थको संस्थागत प्रचार र संवर्द्धनमा विशेष ध्यान दिइनेछ ।

अन्तमा सांस्कृतिक क्रान्तिसम्बन्धी निम्न उद्धरण प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ, 'क्रान्तिकारी संस्कृति व्यापक जनसमूहका लागि एक शक्तिशाली क्रान्तिकारी हतियार हो । क्रान्ति सुरु हुनुभन्दा अगाडि यसले क्रान्तिकारी विचारधारा फैलाएर क्रान्तिका निम्ति सैद्धान्तिक बाटो तयार पार्छ । क्रान्तिताका स्वभावतः क्रान्तिकारी मोर्चामा यो एउटा महत्वपूर्ण एकदमै महत्वपूर्ण जुझारु मोर्चा हो । यस सांस्कृतिक मोर्चामा लागेका क्रान्तिकारी संस्कृतिकर्मीहरू विभिन्न दर्जाका कमान्डरहरू हुन् । '

के हामी उपर्युक्त कार्य पूरा गर्न सांस्कृतिक कमान्डर हुन तयार छौँ त ?

## कविता

### केन्द्र र गाउँको दूरी



रसुवाली कवि

भकारो मिल्काएको हात बोकेर
जीवनका खुसीहरूलाई
आधा बोकेर, आधा छोडेर
हिमालको मुस्कानलाई छोडेर
आमाको आँखा तोडेर
म केन्द्र धाइरहेको छु

रुने आँखाहरू उतै छन्
रमाइला लाग्ने पाखाहरू उतै छन्
ऐँसेलु, अम्बा र कटुसका बोटहरू उतै छन्
धरहराभन्दा अग्ला रूखहरू उतै छन्
चक्रपथको जामभन्दा नि अल्छीलाग्दो
दुःख पनि उतै छ
छ भने एक थान देशभक्ति उतै छ
टर्च बालेर आउने दाइहरूलाई सम्झिरहेछु
छ भने एक थान सपना उतै छ
मैलो न मैलो सर्ट लगाएर
एकदम सुकिलो विचार बोकेर
झोलामा गुन्द्रुक बोकेर
म केन्द्र धाइरहेछु

यहाँ पाउरोटी पनि पाइन्छ
दाल पनि पाइन्छ
मलाई बहुत रहर छ
दलमा पाउरोटी चोपेर खान
सबैसबै चाहनाहरू उतै थन्क्याएर
बोकेर आएको छु एक थान विद्रोह
म यो मूर्धन्य
केन्द्र धाइरहेछु

### जनैको अन्तर्राष्ट्रिय गीत

हामीले कहाँ बुझेका रहेछौँ जनैलाई
यो सेतो डोरोको तागत के थाहा रहेछ
हामीलाई
सामन्तको घाँटी काट्दाकाट्दै
झापामा हामीले भुल्यौँ जनै
जनयुद्ध भनियो
व्रतबन्ध बहिष्कार गरियो
काट्यौँ हामीले लाखौँ थान जनै

कमरेड खासमा त्यहीँ भैगएछ गल्ती
जनै त डोराभित्र लुकेको रहेछ
संविधानसभा
लोकतान्त्रिक गणतन्त्र
धर्मनिरपेक्षता
सङ्घीयता
समाजवाद
अहिले हामीले भन्ने गरेको समृद्धि पनि

कमरेड खास यही भैगएछ गल्ती
हेर्नुस् अन्तर्राष्ट्रिय गीत पनि
विदेशीले बनाएका हुन्
लेनिनवाद पनि साम्राज्यवादीले लादेका हुन्
खास तागत त जनैमा छ
ॐ भूर्भूवस्वको मन्त्रमा छ
ऋषिहरू त्यत्रो बनबास बसे
त्यत्रो महाभारत युद्ध भयो
कृष्णले बनबास जानुपऱ्यो
अनि कैलासपति बन्नुपऱ्यो मृग
त्यहाँ कहाँ थियो र जनैको कदर

खासमा यहीँ त भैगएछ गल्ती
गोसाइँकुण्डमा नुहाएर
एउटा जनै भिर्नुजति
पुण्य अरू केही छैन
जनैको तागतजति
कहाँ छ र तागत हाम्रो समाजवादमा
अतः
जनै त अन्तर्राष्ट्रिय गीतझैँ
खास कुरा रहेछ
कहाँ बुझ्यौँ र हामीले जनैलाई

## विश्व कम्युनिस्ट ...

आवश्यकता र आत्मगत क्षमताका बीचको अन्तरविरोध७) क्रान्ति र प्रतिक्रान्तिबीचको अन्तरविरोधयी अन्तरविरोधका बारेमा अन्यत्रै विस्तृत छलफल गरिनेछ। तर अहिले चलेको महान् बहसले एउटा निष्कर्ष निकाल्दै गरेको छ क्रान्तिकारी आन्दोलनकालागि क्रान्तिकारी सिद्धान्त र त्यसप्रति प्रतिबद्ध नेतृत्व भएको क्रान्तिकारी पार्टी,त्यसको मातहतमा क्रान्तिकारी सेना र राष्ट्रिय स्वाधीनता, जनतन्त्र, जनजीविकाप्रतिजिम्मेवार बन्ने संयुक्त मोर्चा नहुने हो भने न क्रान्तिकारी आन्दोलन अगाडि बढ्नसक्छ, न क्रान्ति नै सम्पन्न हुन सक्छ।

यो महान् बहसबाट निस्कँदै गरेको अर्को निष्कर्ष हो, चीनमा क्रान्ति सम्पन्नभइसकेको अवस्थामा महान् सर्वहारावादी सांस्कृतिक क्रान्ति चलेको थियो । नेपालमाक्रान्ति सम्पन्न हुनुभन्दा अगाडि नै पार्टीभित्रैबाट जानीनजानीकन क्रान्तिकारीहरूबीचबाटै प्रतिक्रान्तिको खतराप्रतिको खबरदारी भएको छ । पार्टीभित्र देखिने खराबप्रवृत्तिहरू, सुधारवादी, संसद्वादी प्रवृत्तिहरू, गैरसर्वहारा आचारणहरूको पर्दाफास भएको छ र ती प्रवृत्तिका विरुद्ध देशव्यापी जागरण अभियान चलेको छ। यो महान् बहसबाट निस्कँदै गरेको तेस्रो निष्कर्ष हो जसरी हिजोको पार्टीले आजको अभिभारालाई पूरा गर्न सक्दैन त्यसैगरी हिजोको नेतृत्वले पनि आजकोआवश्यकताको नेतृत्व गर्न सक्दैन । त्यसकारण जसरी हिजोको पार्टी आजकोआवश्यकता पूरा गर्न रूपान्तरित हुन आवश्यक छ त्यसैगरी आजको नेतृत्व पनिआजको आवश्यकता पूरा गर्न रूपान्तरित हुन आवश्यक छ। अहिलेको मुख्य समस्याभनेको नेतृत्वको रूपान्तरण हो जो अहिलेको आवश्यकता र क्षमताका बीचकोअन्तरविरोधमध्ये एक हो । त्यसकारण पालुङटार बैठकले पनि निष्कर्ष निकालेकोथियो, क्रान्तिको विकल्प छैन, रूपान्तरणको विकल्प छैन र एकताको विकल्प छैन ।यो महान् बहसबाट निस्कँदै गरेको अर्को निष्कर्ष भनेको नेतृत्वकै प्रश्न हो।

समग्रमा कम्युनिस्ट आन्दोलनमा मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओजस्तामहान् दार्शनिकहरू आन्दोलनको केन्द्रमा भएको कारण गैरसर्वहारावादी प्रवृत्तिहरूलेक्रान्तिकारी पार्टी र आन्दोलनलाई विचलित गर्न सकेका थिएनन् तर अन्य मुलुकहरूमाजब मुख्य नेतृत्वमा विचलन आएको छ वा मुख्य नेतृत्वमा कहीँ न कहीँ विचारमासमस्या पैदा भएको छ त्यो देशको आन्दोलनमा पनि समस्या पैदा भएको छ । त्यसकारण यो माओले भन्नुभएजस्तै एक युगमा अनेक महान् मानिस जन्मन सक्छन् र मार्क्सले भन्नुभएजस्तै एक युगमा ठूलठूला घटना दोहोरिन सक्छन्, पहिलोचोटिवियोगान्तका रूपमा र दोस्रोचोटि मजाकका रूपमा। नेतृत्वको वैचारिक एवम्राजनीतिक कमजोरीका कारण इन्डोनेसिया पैदा भएको थियो, त्यो एउटा क्रान्तिकारीआन्दोलनको इतिहासमा वियोगान्त थियो। त्यही घटना दोहोरिने स्थिति पैदाभयो भने त्यो इतिहासको मजाक हुनेछ।

यो महान् बहसबाट निस्कँदै गरेको पाँचौँ निष्कर्ष हो, क्रान्तिकारी नेतृत्वलेक्रान्तिको प्रश्नलाई बिर्सेर, सहिदका सपनाहरू बिर्सेर, घाइते अपाङ्ग, बेपत्ताकापीडाहरूलाई बिर्सेर तथा सिङ्गै देश र जनताको परिवर्तनको चाहनालाई लत्याएरव्यक्तिगत स्वार्थ, पद, पैसा, अशोभनीय आचरण तथा लालचको डङ्गुरमा रमाउनेकुखुराजस्तो हुन खोज्यो भने ऊ सधैँभरि चीलजस्तै भए पनि ऊ कुखुरामै रूपान्तरितहुन सक्छ। त्यसकारण क्रान्तिकारी नेतृत्वले कहिलेकहीँ तल ओर्लिए पनि पुनःआकाशमा विचरण गर्न सक्नुपर्छ र संसारको अवलोकन गर्नुपर्छ।

अहिलेका अन्तरविरोधहरू समाधान गर्नु तथा नेतृत्वको रूपान्तरण गर्नु भनेकोसिङ्गै पार्टीलाई रूपान्तरण गर्नु हो । नेतृत्वको रूपान्तरणबिना पार्टीको रूपान्तरणपनि हुन सक्दैन र क्रान्तिकारी आन्दोलन पनि अगाडि बढ्न सक्दैन । नेतृत्वलेरूपान्तरित हुन अहिलेको संसदीय चक्रको अन्त्य गरिदिनुपर्छ । संसदीय लडाइँकोमोर्चालाई निश्चित रूपले त्यसै छाड्न सकिँदैन तर त्यसको औचित्य र त्यसमा भएकोसङ्घर्षको प्रतिफलको हिसाब गर्नुपर्छ । समग्रमा हाम्रो पार्टी अहिले पनि रणनीतिकप्रत्याक्रमणमा छ भनिएको छ तर यो मोर्चामा हामी रणनीतिक प्रत्याक्रमणको चरणमाहो वा सन्तुलन तथा रक्षाको चरणमा झरेको हो ? स्पष्ट तथा वैज्ञानिक धारणा बनाउनुपर्छ।

त्यसका लागि कामकारबाहीमा एकरूपता, अभिव्यक्तिको स्वतन्त्रतालाई अझव्यवस्थित र वैज्ञानिक बनाउनुपर्छ । यसलाई अमर्यादित, हिलो छ्याप्ने प्रकारको तथागुटगत सङ्कीर्णतामा लैजाँदा पार्टीमा एकता होइन, अनेकतातिर लैजान्छ । साथै,वैचारिक सङ्घर्षलाई मर्यादित र साँचो अर्थमा सत्यको अन्वेषण गर्ने विधिमा विकास गर्नुपर्छ । ***असार, २०६८, (स्रोत : समकालीन विश्व कम्युनिस्ट आन्दोलन)***

## विश्व कम्युनिस्ट ...

*पकड घट्दै गएको छ। कुनै समयमा अमेरिकाको कठपुतली बनेको पाकिस्तान अहिले अमेरिकालाई चटक्कै छाडेर चिनियाँ खेमामा पुगेको छ। आणविक शक्ति रहेको पाकिस्तान चिनियाँ खेमामा पुगेपछि भारतीय टाउकोदुखाइ त थियो नै साथै अमेरिकाको पनि सर्वाधिक चासो बन्न पुगेको छ।*

*यही परिवेशमा अमेरिकाको विशेष योजना र भारतको पहलकदमीमा दक्षिण र दक्षिणपूर्व एसियाका बिमिस्टेकमा संलग्न देशहरूले सैन्य संयुक्त सैन्य अभ्यास गर्दैछन्। यही भदौ २५ गतेदेखि ३१ गतेसम्म भारतको महाराष्ट्रस्थित पुणेमा नेपाल, भारत, भुटान, बङ्गलादेश, थाइल्यान्ड, म्यान्मार र श्रीलङ्काका सेनाहरूका बीचमा सैन्य अभ्यास हुँदैछ । यो संयुक्त सैन्य तालिमलाई भारतीय पदाधिकारीहरूले बिमिस्टेकबाट पाकिस्तानलाई अलग्याउने र चीनलाई तर्साउन यसो गरिएको जनाएका छन्।*

*विगत केही वर्षदेखि दक्षिणएसियाली क्षेत्रीय सहयोग सङ्गठन–सार्कलाई दक्षिणएसियाको राजनीतिबाट पाकिस्तानलाई पूर्ण रूपले अलग्याउने भारतको रणनीतिअनुसार नै बिमिस्टेकलाई सक्रिय पार्ने र दक्षिणएसियामा भारतीय सेनाको कमान्डमा रहने गरी बाँकी देशका सेनाको परिचालन गर्ने नीति बनाएको देखिएको छ।*

*पछिल्लो क्रममा यसरी बढेर गएको सैन्य गतिविधि, आर्थिक सङ्कट, व्यापारयुद्ध र दक्षिणएसियामा रहेको जनसङ्ख्या, भूगोल र राजनीतिमा त्यसले पार्न थालेको प्रभाव असन्तुलित बन्दै गएको छ । औपचारिक रूपमा सहज, सरल र सामञ्जस्य देखिए पनि वास्तविक रूपमा दक्षिणएसियामा तनाव उत्पन्न भएको छ। यो तनाव दिनदिनैजसो बढेको छ र सजिलै तनाव कम हुने पनि देखिँदैन।*

# विद्यार्थी नेताको घरमा पक्राउ पुर्जी

मकवानपुर जिल्ला अदालतको आदेशमा प्रहरीले नेकपानिकट अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा नारायणी ब्युरो संयोजक मदन के.सी. को घरमा म्याद पुर्जी टाँसेको छ । विस्फोटक पदार्थ पड्काई आगजनी गरेको मुद्दामा मकवानपुर जिल्ला अदालतले गरेको आदेशअनुसार आइतबार ३० दिने म्यादसहितको पक्राउपुर्जी टाँसिएको हो । क्रान्तिकारीका केन्द्रीय सदस्य के.सी.को दाङ बङ्गलाचुलीमा रहेको घरमा उक्त पक्राउपुर्जी टाँसिएको हो । फरक राजनीतिक आस्था राखेकै कारण सरकारले नेकपाका नेता, कार्यकर्ता र सम्बद्धहरूलाई आतङ्कित पार्न खोजिरहेको भन्दै क्रान्तिकारीले आपत्ति जनाएको छ। साथै दमन र राज्यआतङ्कले क्रान्तिको यात्रामा कतै कोही विचलित नहुने र बरु झन् सशक्त रूपमा निरन्तर अघि बढ्ने क्रान्तिकारीको भनाइ छ।

# भारतमा नेपालीको सम्मेलन

**भारत** : प्रवासी नेपालीहरूको अभिभावक सङ्गठन प्रवासी नेपाली जनसमाज भारत उत्तरप्रदेशको सम्मेलन सम्पन्न भएको छ। 'शान्ति, समानता, स्वाधीनता र समृद्धिका लागि प्रवासी नेपालीहरू एक हौँ ! विचार सम्प्रेषण र सुदृढ सङ्गठनका लागि प्रथम राज्य सम्मेलन सफल पारौँ !!' भन्ने नाराका साथ सम्पन्न सम्मेलनले कमल रावलको अध्यक्षतामा दुईजना पछि थप्ने गरी १९ सदस्यीय राज्य समिति गठन गरेको छ। त्यसको उपाध्यक्षमा शिवराज देवकोटा, सचिवमा दिनेश जैसी, सहसचिवमा डमरा तिमिल्सिना, कोषाध्यमा लक्षिराम जैसी, सदस्यहरूमा रामबहादुर विक, सुन्दर देवकोटा, हरिचन्द्र ढकाल, दलवीर तिरुवा, शिवराज तिरुवा, नवराज भण्डारी, धर्मराज देवकोटा, मोतीराम जैसी, मानबहादुर खड्का, शान्त रिमाल, देवराज बजगाईं, भगीराम जैसीलगायत चयन हुनुभएको छ।

कार्यक्रमका प्रमुख अतिथि प्रवास ब्युरो इन्चार्ज प्रतीक रहेका थिए। अन्य अतिथिहरूमा जनसमाजका केन्द्रीय महासचिव मोती गौतम, कोषाध्यक्ष भीमकान्त घिमिरे, आमन्त्रित अतिथि नेपाल कम्युनिस्ट पार्टी सेती ब्युरो सदस्य तथा न्याय विभाग प्रमुख गणेश ढकाल, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियनका केन्द्रीय उपाध्यक्ष लोगबहादुर पल्ली रानामगर, कैलाली जिल्ला कार्यालय सचिव क्षितिज थापा, जनसमाज भारतका केन्द्रीय सदस्य दीपक तिरुवा र दिल्ली राज्य सदस्य पुरन थापा उपस्थित थिए।

सम्मेलनमा नेपालका विभिन्न सामाजिक संस्थाका प्रतिनिधिहरूकोसहभागिता थियो । कार्यक्रममा सनराईज स्मृति सांस्कृतिक परिवार र जनज्योति सांस्कृतिक परिवारका कलाकारहरूले देशमा भएको लुटतन्त्रको भण्डाफोर गर्दै नृत्य र गीतसङ्गीत प्रस्तुत गरेका थिए । कार्यक्रमका वक्ताहरूले नेपालमा चलेको लुटतन्त्र चलिरहेको भन्दै नेपाल कम्युनिस्ट पार्टीका प्रवक्तासहित नेता-कार्यकर्तालाई बिनाकारण गिरफ्तार गरेर नेपाल सरकारले देशलाई युद्धतिर धकेल्ने सङ्केत गरेको बताए । उनीहरूले नेपालमा हुने क्रान्तिकारी आन्दोलनमा आवश्यकताअनुसार प्रवासबाट आफ्नो सङ्गठनले नेपाली जनताका पक्षमा भूमिका निर्वाह गर्ने बताएका थिए । जनसमाजका महासचिव मोती गौतमले नवनिर्वाचित सदस्यहरूलाई सपथग्रहण गराएका थिए। उक्त कार्यक्रमको अध्यक्षता कमल रावलले गरेका थिए।




## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५



नियमित

# सहिदको चिहानमा प्रचण्डलाई कालोझन्डा


विवेक लामा

२०६० साल साउन ३२ गते सिङ्गो देश नै रोइरहेको थियो। देश के कारणले रोइरहेको थियो भने त्यतिबेला रामेछापलगायत देशका विभिन्न ठाउँबाट जम्मा भएका लालयोद्धाहरूको सामूहिक हत्या भएको थियो। २०६० साल साउन ३२ गते रामेछाप जिल्लाको दोरम्बामा दुईजनालाई कार्यक्रम स्थलमा र तत्कालीन रामेछाप जनसरकार प्रमुख बाबुराम तामाङ 'पुष्प' सहित १९ जनालाई आँखामा पट्टी बाँधी दोरम्बाबाट १ किलोमिटर टाढा डाँडाकटेरीको जङ्गलमा लगेर सामूहिक हत्या गरी कथित भिडन्तमा मारेको झूट समाचार आयो। तर त्यो भिडन्त नभई बीभत्स हत्याकाण्ड थियो।

तत्कालीन सरकार पक्ष र तत्कालीन विद्रोही पक्षबीच दाङको हापुरेमा शान्तिवार्ता चलिरहेको थियो। यता दोरम्बामा सामान्य सुरक्षा मात्र अपनाएर पार्टीको आन्तरिक कार्यक्रम चल्दै थियो । दोरम्बाकै स्थानीय सुराकीका आधारमा मन्थलीबाट शाहीसेनाका मेजर राममणि पोखेलको नेतृत्वमा आएका शाही जल्लादहरूले कार्यक्रम स्थल पूरै घेराउ गरिसकेका थिए। पहिलो फायर सेन्ट्री बस्नेलाई खोल्यो। तत्कालीन जिल्ला सेक्रेटरी कमरेड ललितलगायत केही कमरेड घेरा तोडेर बाँच्न सफल भए भने सेनाले अन्यलाई आँखामा कालोपट्टी बाँधेर दोरम्बा बजारबाट माथि डाँडाकटेरीतिर लगे । त्यतिबेला दोरम्बा बजार अन्धकारमय भएको थियो । पूरै सन्नाटा छाएको थियो । बादलले घुम्टो उघारेर हेर्न सकेको थिएन । चराचुरुङ्गीहरू कानेखुसी गर्दै बिलौना गरिरहेका थिए।

शाहीसेनाले सर्वसाधारण जनतालाई बाहिर ननिस्कन उर्दी जारी गरिरहेको थियो। १९ जनालाई एउटै डोरीले बाँधिएको थियो। कसैले बोल्न सक्ने आँट थिएन। किसानहरू बारीको भित्ताबाट लुकीलुकी हेरिरहेका थिए भने वर्गदुस्मन खुसीयाली मनाइरहेको थियो । केही समयपछि डाँडाकटेरी युद्धमय भयो र रगतको आहाल जम्यो । सामूहिक हत्यापछि सबै शवलाई जङ्गलमा गुल्ट्याइदिएर रक्तपिपासुहरू खुसीयाली मनाउँदै मन्थलीतिर फर्के। त्यसको तीन दिनपछि केही मान्छे आएर शव पहिचान गरी सामूहिक दाहसंस्कार गरे।

> *समयको चापले हो वा आयोजकलाई हतार भएर हो प्रचण्ड उपस्थित हुनुभन्दा अगाडि नै सहिद परिवार र अन्य अतिथिलाई आसन ग्रहण गराइँदै थियो। कुनै सहिद परिवारको नाम दसपटकसम्म उच्चारण गरिरहेको स्पष्ट सुनिन्थ्यो। दलबलसहित प्रचण्ड कार्यक्रमस्थलमा आइपुगेका थिए। प्रचण्ड त्यसरी आउँदा सहिदहरूले गिज्याएझैं लाग्थ्यो। मनले नमानीनमानी उपस्थित भएकाहरूले खादाले स्वागत गरिरहेको दृश्य भद्दा मजाकझैं देखिन्थ्यो।*

दोरम्बा हत्याकाण्डको राष्ट्रिय रूपमा मात्र होइन, अन्तर्राष्ट्रिय रूपमा पनि चर्चा भयो तर दोषीमाथि कारबाही गर्ने कुनै पहल नै गरिएन। तत्कालीन विद्रोही पक्षको नेतृत्व गर्ने मान्छेहरूले नै पटकपटक सरकार सञ्चालन गरे पनि कारबाही गर्न तयार भएनन् । दोरम्बाको डाँडाकटेरीले बगाएको रगतले दुईदुईपटकसम्म प्रधानमन्त्री भएका पुष्पकमल दाहालले यो बीभत्स हत्याकाण्डका बारेमा एक शब्द बोल्न चाहेनन्। हुँदाहुँदै क्रान्तिको बाटोसमेत भुलेर आफ्नो बचाउतिर लागे।

जनयुद्धका सबै घाउचोट बिर्सेर दोरम्बालगायत देशैभरिका सहिदका सपनालाई लात हान्दै पुष्पकमलहरू एमालेमा विलय भएको धेरै समय बितेको छैन। अहिले कथित कम्युनिस्टको नाम राखी दोस्रो तहको अध्यक्ष भइखाएका दाहाल २०७५ साल साउन ३१ गते दलबलसहित दोरम्बा गाउँपालिकाले आयोजना गरेको कार्यक्रमको प्रमुख अतिथिका रूपमा आउने कार्यक्रम रहेछ।

मध्याह्न १२:०० बजे आउने भनिए पनि प्रचण्डको हेलिकोप्टर १:०० बजे मात्र काभ्रेको आकाश हुँदै दोरम्बा आइपुग्यो। हामी प्रचण्डको अवतरणसँगै विरोध गर्ने तयारी गर्दै थियौँ। प्रचण्ड चढेको हेलिकोप्टरले सहिद स्मारकलाई तीन फन्का लगायो। त्यसरी फन्का मारिरहँदा उनले सहिदहरूको छातीमाथि टेकेझैँ अनुभूति भइरहेको थियो। क्रान्तिको एउटा दलाल, गद्दार र धोकेबाज क्रान्तिभूमिमा टेक्न लाग्दा दुत्कार्नुपर्नेमा आसेपासेहरू भने धर्तीबाट केके न निस्कन लागेको जस्तो चिच्च्याइरहेका थिए।

दस मिनेटपछि हेली पुनः आकाशमा उड्यो र दोरम्बाको सेनाको ब्यारेकमा अवतरण गऱ्यो। सोचेँ- त्यो ब्यारेकमा म कार्यरत भएको भए प्रचण्ड ओर्लनेबित्तिकै फायर खोल्ने थिएँ। मनभरि आक्रोश बोक्दै हामी महान् सहिदहरूको सपना पूरा गर्ने अठोटका साथ सहिदहरूको सम्मानस्वरूप एक मिनेट मौनधारण गरी मनभरि आक्रोश बोक्दै कार्यक्रम स्थल देख्ने स्थानमा लाग्यौँ।

समयको चापले हो वा आयोजकलाई हतार भएर हो प्रचण्ड उपस्थित हुनुभन्दा अगाडि नै सहिद परिवार र अन्य अतिथिलाई आसन ग्रहण गराइँदै थियो। कुनै सहिद परिवारको नाम दसपटकसम्म उच्चारण गरिरहेको स्पष्ट सुनिन्थ्यो। दलबलसहित प्रचण्ड कार्यक्रमस्थलमा आइपुगेका थिए। प्रचण्ड त्यसरी आउँदा सहिदहरूले गिज्याएझैँ लाग्थ्यो। मनले नमानीनमानी उपस्थित भएकाहरूले खादाले स्वागत गरिरहेको दृश्य भद्दा मजाकझैँ देखिन्थ्यो।

प्रचण्डको आसन ग्रहणसँगै स्वागत मन्तव्य राखियो। त्यसपछि मौनधारण सुरु हुन थाल्यो। हाम्रो योजना उनीहरूले मौनधारण गर्नेबेला नै बिथोल्ने भन्ने थियो। एकैचोटि स्वागत मन्तव्य राख्दा मौनधारण नै नगर्ने हुन् कि भन्दै हामीले एकाअर्कालाई हेराहेर गऱ्यौँ। स्वागत मन्तव्य सकेपछि कार्यक्रम सञ्चालकले त्रुटि भएको भन्दै मौनधारण गर्न सबैलाई आग्रह गरे। हामी यही मौका पर्खिरहेका थियौँ। समय सुरु भनेर पाँच सेकेन्ड पनि बित्न नपाउँदै सबै कमरेडहरूको हातहातमा कालो झन्डा देखिए। कमरेडहरुले प्रचण्ड र उसको दलालीविरुद्ध गगनभेदी नाराहरू लगाए। नारा सुनेपछि मौनधारण हुँदै गरेको कार्यक्रम स्थलमा तीस सेकेन्डमै खैलाबैला मच्चियो। मस्त निद्रामा कसैले खलबल्याएर निद्रा भङ्ग भएझैँ भयो। कार्यक्रम सञ्चालकले हतारहतारमा धन्यवाद भन्न भ्याए। हामीले भने 'दलाल प्रचण्ड मुर्दावाद! लालभूमिमा लालगद्दारहरूलाई बहिष्कार गरौँ! एकीकृत जनक्रान्ति जिन्दावाद! महान् सहिदहरू लालसलाम! १६ औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस सफल पारौँ' भन्दै सुरक्षित स्थानतर्फ रक्तिम पाइला अगाडि बढायौँ।

# सहिद रामवृक्ष यादवको स्मृतिसभा



तत्कालीन नेकपा (माओवादी) का पोलिटब्युरो सदस्य रामवृक्ष यादव 'माड्साब' सहिद भएको २४ वर्ष पूरा भएको छ। यादवको स्मृतिमा नेपाल कम्युनिस्ट पार्टीले विभिन्न कार्यक्रम आयोजना गर्दै उनको सम्झना गरेको छ। धनुषाको बर्मझियामा जन्मिएका यादवलाई तत्कालीन देउवा सरकारको संरक्षणमा काङ्ग्रेसी गुन्डाहरूले बर्मझियामै हत्या गरेका थिए। २०५१ साल भदौ १ गते नेपाल बन्दको कार्यक्रम सकेर भोलिपल्ट भदौ २ गते वीरेन्द्रबजारबाट घर फर्कँदै गर्दा सादा पोसाकमा रहेका प्रहरी र काङ्ग्रेसका कार्यकर्ताले घरेलु हतियार प्रयोग गरी बीभत्स तरिकाले यादवको हत्या गरेका थिए। नेपालमा जनयुद्ध सुरुआतको समयमा केन्द्रीय तहबाट भएको यो ठूलो बलिदानी थियो। तराईमा माओवादीको प्रभाव विस्तार रोक्ने देशीविदेशी षड्यन्त्रमा यादवको हत्या भएको तत्कालीन माओवादीका नेताहरू बताउँछन्। नेकपा माओवादीले सुरु गरेको जनयुद्धको सुरुआती समयमा रामवृक्ष यादवको हत्याले पार्टीलाई ठूलो क्षति भएको मानिएको थियो। स्मृति दिवसका अवसरमा रामवृक्ष यादवलाई सम्झने उनका समकालीन नेताहरू यादव महान् क्रान्तिकारी योद्धा, नेपाली कम्युनिस्ट आन्दोलनका अगुवा तथा महान् नेपाली जनयुद्धका पहलकर्ता भएको बताउँछन्। तराई क्षेत्रमा सामन्त जमिनदारहरूले गाउँका जनतामाथि गरेको थिचोमिचो, अन्यायअत्याचार देखेर नै त्यसको अन्त्य गर्न कम्युनिस्ट बनेका रामवृक्ष यादव एक होनहार, इमानदार र कर्मठ योद्धा थिए। यादव वर्गप्रतिको इमानदारी र क्रान्तिप्रतिको निष्ठाभावले भरिएका व्यक्ति थिए। उनी कम्युनिस्ट क्रान्तिकारीहरूका लागि वैचारिक प्रेरणा र प्रतिबद्धताका अगुवाका रूपमा रहिरहनेछन्।

यसैबीच नेपाल कम्युनिस्ट पार्टीले सहिद रामवृक्ष यादवको स्मृतिमा सभा आयोजना गरेको छ। नेकपाको जनकपुर ब्युरोले यादवको २४ औँ स्मृतिसभा सम्पन्न गरेको हो। भदौ २ गते शनिबार सर्लाहीको बरहथवा २ आलेगाउँमा सम्पन्न यादवको स्मृतिसभामा नेकपाका पूर्वीकमान्ड इन्चार्ज विरही र नेकपाका केन्द्रीय सदस्य तथा जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेल उपस्थित थिए। महोत्तरी इन्चार्ज रूपेश कार्कीको अध्यक्षतामा सम्पन्न सभाको सञ्चालन सर्लाही सेक्रेटरी राजनले गरेका थिए भने स्वागतभाषण भगारामले गरेका थिए।

यसैगरी धनुषाको हंसपुर नगरपालिका इटियाहीमा पनि यादवको स्मृतिमा सभा सम्पन्न भएको छ। नेकपाका केन्द्रीय सदस्य निर्मलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेकपाका सल्लाहकार समितिका सदस्य रामलखन पनि उपस्थित थिए। सोही कार्यक्रममा त्यस क्षेत्रमा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान उद्घाटन गरिएको थियो।







## मेलम्ची खानेपानी आयोजनासम्बन्धी प्रायशः शोधिने केही प्रश्नहरू

**प्रश्न नं. १ : काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना भनेको के हो ?**

उत्तर : काठमाडौं उपत्यकाबासीलाई सहज र उचित खानेपानी व्यवस्था गर्न हालको खानेपानी वितरण प्रणालीमा आवश्यक सुधारका लागि काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना संचालन गरिएको हो।

यो आयोजना दुई चरणमा सम्पन्न हुनेछ। पहिलो चरणमा मेलम्चीको पानी २७.६ कि.मी. लामो सुरुङ हुँदै काठमाडौंको सुन्दरीजलमा निर्माणाधीन प्रशोधन केन्द्रमा प्रशोधन गरी थोक वितरण प्रणालीमार्फत् वितरण गरिनेछ। पहिलो चरणअन्तर्गत काठमाडौंका पुराना पानी वितरण प्रणालीको सुधार पनि रहेको छ। हाल पहिलो चरणअन्तर्गतको निर्माण कार्य भइरहेको छ।

दोस्रो चरणको तयारीका कामहरू पनि भइरहेका छन्। दोस्रो चरणअन्तर्गत मेलम्ची सुरुङबाट यांग्री र लार्केखोलाको थप पानी काठमाडौं ल्याउने र सुन्दरीजल प्रशोधन केन्द्रको विस्तारका कार्यहरू रहेका छन्।

**प्रश्न २ : मेरो घरको धारामा कहिलेदेखि पर्याप्त खानेपानी आउँछ ?**

उत्तर : नयाँ तथा पुराना प्रणालीअन्तर्गत धारा जडान भएका केयुकेएलका ग्राहकका घरमा माघ २०७५ भित्र हालको भन्दा उल्लेखनीय मात्रामा धेरै पानी आउने अपेक्षा गरिएको छ। केयुकेएलको पानी वितरण प्रणालीमा पानी थप गर्नका लागि केही निर्माण कार्य बाँकी छन्। जसअन्तर्गत सुरुङ खन्ने काम थोरै मात्र बाँकी छ र यो काम आगामी वर्षको सुरुमै सकिने अपेक्षा गरिएको छ। त्यसरी सुरुङबाट ल्याइएको पानी सुन्दरीजल प्रशोधन केन्द्रमा प्रशोधन गरी, आवश्यक परीक्षणका कार्यहरू गरी वितरण प्रणालीमार्फत् प्रत्येक घरमा मेलम्चीको पानी वितरण गरिनेछ।

**नयाँ प्रणालीबाट पानी वितरणसम्बन्धी लक्षित कार्यतालिका**

| महत्वपूर्ण कार्यहरू | लक्षित मिति |
|---|---|
| मेलम्ची सुरुङ*निर्माण कार्यको समापन | जेठ २०७५ |
| मेलम्ची सुरुङदेखि सुन्दरीजल प्रशोधन केन्द्रमा पानी स्थानान्तरण | साउन २०७५ |
| थोक वितरण प्रणाली (३००-१४०० मिलिलिटर व्यासका पाइपहरू र ३०००-९५०० घनमिटर क्षमताका पानीपोखरीहरू) को testing, commissioning | असोज २०७५ |
| नयाँ जडान गरिएका वितरण संजालको क्रमिक रूपमा DMA-wise testing, commissioning र पानी वितरण | मंसिर २०७५ |
| वितरण सञ्जाल सुधार कार्य पूरा भई पानी वितरणको सुरुआत | माघ २०७५ |
| *सुरुङ निर्माणकार्य चुनौतीपूर्ण छ। योसँगै विगतमा भएका जस्तै कतिपय अनपेक्षित घटनाले गर्दा लक्षित मितिमा तलमाथि पर्न सक्छ। | |

सुरुङ निर्माणकार्य चुनौतीपूर्ण छ। यो सँगै विगतमा भएका जस्तै कतिपय अनपेक्षित घटनाले गर्दा लक्षित मितिमा तलमाथि पर्न सक्छ।

**प्रश्न नं. ३ : मेरो घरमा केयुकेएलको नयाँ धारा जडान भएको छैन, पुरानै जडान यथावत् छ । के काठमाडौंमा मेलम्चीको पानी आएपछि मेरो घरमा पनि पानी उपलब्ध हुन्छ ?**

उत्तर : हुन्छ। केयुकेएलका पुराना ग्राहकहरूले हाल रहेकै पाइप लाइनबाट निकट भविष्यमा थप पानी पाउनेछन्। सुरुङबाट ल्याइने मेलम्चीको पानी काठमाडौंमा थपिएपछि काठमाडौंमा थपिएपछि काठमाडौंमा खानेपानीको उपलब्धता उल्लेखनीय वृद्धि हुनेछ। त्यसपछि मौजुदा वितरण प्रणाली तथा नयाँ वितरण प्रणालीसँग जोडिएका घरहरूमा पानी वितरण सहज हुनेछ। साथसाथै काठमाडौंमा खानेपानी क्षेत्रको सुधार प्रक्रिया चरणबद्ध रुपमा अघि बढिरहनेछ।

**प्रश्न नं. ४ : केयुकेएलको धारा जडान गर्न के गर्नुपर्छ ?**

उत्तर : केयुकेएलका उपत्यकामा रहेका १० ओटा शाखाहरूमध्ये आफूलाई पायक पर्ने शाखामा गएर आवश्यक शुल्क बुझाउनुपर्छ। नयाँ धारा जडान गर्न सामान्यतया रु. ८,००० जति लाग्छ। पुराना पाइप जडान भएका ग्राहकले पुरानो वितरण प्रणाली हटाएर नयाँ वितरण प्रणाली विस्तार भइरहेको क्षेत्रमा नयाँ पाइप जडानको लागि शुल्क तिरेको रसिद आयोजना कार्यान्वयन निर्देशनालयलाई बुझाउनुपर्दछ। त्यसपछि निर्देशनालयले तपाईंको घरमा नयाँ मिटरसहितको धारा जडान गर्नेछ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड

अनामनगर, काठमाडौं, फोन नं. ४२२२९८६, ४२२४९८६, एक्स्टेक्सन १३१, फ्याक्स नं. ४२२४०५७


निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ